नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २४ गते २०३७ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

माननीय अर्थ राज्यमन्त्री डा. यादवप्रसाद पन्तले २०३७ साल आषाढ २४ गतेका दिन दिनुभएको आर्थिक वर्ष २०३७।३८ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

सर्वप्रथम श्री ५ महाराजाधिराज सरकारबाट मलाई असीम निगाहापूर्वक राष्ट्रिय पञ्चायतको सदस्य मनोनीत गरी बक्सनाको साथै अर्थ राज्यमन्त्री नियुक्त गरिबक्सेकोमा मौसूफ सरकारप्रति श्रद्धा एवं भक्तिपूर्वक कृतज्ञता चढाउँदछु । राष्ट्रिय पञ्चायतको ३१ सौं महत्वपूर्ण अधिवेशनमा यस गरिमामय सदनमा आर्थिक वर्ष २०३७।३८ को नेपाल अधिराज्यको आय-व्ययको विवरण पेश गर्न पाउँदा मलाई हर्षको अनुभूति हुनु स्वाभाविक नैं हो ।

१. राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट हामी सबै नेपालीलाई आफ्नो स्वविवेक र इच्छानुसार देशको राजनैतिक व्यवस्था रोज्ने महान् प्रजातान्त्रिक अधिकार प्रदान गरिबक्सेर ऐतिहासिक जनमत संग्रहको कार्य शान्तिपूर्ण ढङ्गले पूर्ण सफलताका साथ सम्पन्न भएबाट विश्वसमक्ष हाम्रो गौरवमय राजसंस्थाको जनआकांक्षालाई सदैव सर्वोपरि राख्ने चीर

४६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परम्परा फेरि एक पल्ट छर्लङ्ग हुन गएको छ। फलस्वरूप आज हामी नेपाली जनताले सुधारिएको निर्दलीय पञ्चायती व्यवस्थामा आफ्नो दृढ आस्था व्यक्त गरेका छौं भने यसबाट हाम्रो राजनैतिक व्यवस्थालाई पनि एक निर्दिष्ट लक्ष्यतिर अग्रसर गराउन ठूलो प्रेरणा र बल प्राप्त भएको छ। यस महत्वपूर्ण घडीमा नेपाली मात्रले देखाएको आस्था र विश्वासको अनुरूप हामी सबैले आफ्नो उत्तरदायित्व वहन गर्ने बेला आएको छ।

२. कुनै पनि राजनैतिक व्यवस्था राष्ट्रिय आकांक्षा र आवश्यकताको परिपूर्ति गर्ने एक माध्यम नै हो। लोक सम्मतिमा आधारित शासन व्यवस्थाको मूलभूत कर्तव्य सर्वाधिक जनताको सर्वोपरि हितमा नै केन्द्रित हुने हुँदा आर्थिक र सामाजिक विकासका समस्त प्रक्रियाहरू पनि यिनै उद्देश्यहरूको प्राप्तिमा संलग्न गराइनु पर्दछ। आर्थिक क्षेत्रमा लिइने कदमहरू पनि वृहद् राष्ट्रिय ध्येय र परिप्रेक्षमा जनताका मूलभूत आवश्यकताहरूलाई सर्वोपरि राखी यथाशक्य पूर्ति गर्दै जानु नै हो।

३. अध्यक्ष महोदय, यस पृष्ठभमिमा अब म २०३७।३८ को आय-व्यय विवरण पेश गर्दछु।

४. चालू आर्थिक वर्ष २०३६।३७ मा देशमा देखा परेका आर्थिक गतिविधिहरूको सिंहावलोकन र हाम्रो अगाडि विद्यमान आर्थिक समस्याहरूको विवेचना सहितको "आर्थिक सर्भेक्षण" प्रतिवेदन मैले केही दिनअगाडि यस सदनमा जानकारीको लागि प्रस्तुत गरी सकेको छु। प्रतिवेदनमा उल्लेखित विषयहरूलाई यहाँ दोहराई रहन पर्ने आवश्यकता देखिन्न तापनि देशको वर्तमान आर्थिक वस्तुस्थितिको पृष्ठभूमिमा आगामी वर्षको बजेट तर्जुमा गरिएको हुँदा चालू वर्षमा हुन आएको उत्पादनमा ह्रास, मूल्य वृद्धि भई जनजीवनमा परेका प्रतिकूल प्रभावहरू, विकास कार्यक्रमको सञ्चालनमा आइपरेका विभिन्न अवरोधहरू, वैदेशिक व्यापारमा देखापरेका विषम असन्तुलन जस्ता महत्वपूर्ण आर्थिक समस्याहरूमाथि केही प्रकाश पार्न चाहन्छु।

५. बजेट खालि देशमा विद्यमान वस्तुस्थिति लेखा जोखा गर्ने प्रणाली मात्र नभएर आर्थिक क्षेत्रमा देखा परेका विभिन्न समस्याहरूको समाधान गर्ने सन्दर्भमा देशलाई एक निर्दिष्ट दिशातिर परिलक्षित गर्ने एक कार्यमूलक माध्यम पनि हो। वास्तविकताको आधारमा बहुजन हिताय तथा खास गरेर कमजोर गरीब वर्गको हितलाई सर्वोपरि राखी सर्वसाधारण जनताको आकांक्षाको परिपूर्ति गर्ने उद्देश्य नै बजेटको मूलभूत सिद्धान्त हो। हाम्रो जस्तो देशमा जहाँ गरीब र साना किसानहरूको बाहुल्य छ, भू-परिवेष्ठित हुनाको साथै साधनहरूको अभाव छ, व्यवहारिक परिधिको बाहिर रहेको केवल कोरा सिद्धान्तमा प्रतिपादित आर्थिक नीतिको सञ्चालनले मात्र देश सर्वतोमुखी विकासको पथमा अगाडि बढ्न नसक्ने तथ्य स्पष्ट छ। देशको विकट भौगोलिक स्थिति, अधिकांश जनताको दयनीय आर्थिक अवस्था, सिमित प्राविधिक तथा प्रशासकीय क्षमता, साधन-हरूको न्यूनता, भारतसितको आर्थिक निकटता आदि कतिपय कारणहरूले गर्दा प्रचलित सैद्धान्तिक नियमहरूलाई व्यवहारिक दृष्टिकोणले समेत परिमार्जित गर्नु पर्ने आवश्यकता छ। यही परिप्रेक्षमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशको वर्तमान राजनैतिक तथा आर्थिक गतिविधिहरूलाई वास्तविकताको आधारमा मनन तथा विश्लेषण गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरूको सही रूपमा तर्जुमा तथा प्रतिपादन गरी प्रस्तुत गर्ने प्रयत्न गरेको छु।

६. चालू आर्थिक वर्ष पाँचौं पञ्चवर्षीय योजनाको अन्तिम वर्ष हो। योजना अवधिभित्र अर्थ व्यवस्थामा सन्तोषजनक सुधार नभएको कुरा माननीय सदस्यहरूलाई आर्थिक सर्वेक्षणको अध्ययनबाट स्पष्ट भएकै छ। योजना अवधिमा उत्पादनशील क्षेत्रमा बढी लगानी गरी राष्ट्रिय आयमा ४ देखि ५ प्रतिशतले बृद्धि गर्ने लक्ष्य राखिएको थियो तापनि तदनुसार बृद्धि हुन सकेन। आर्थिक साधनको परिचालन योजनामा विनियोजित रकमभन्दा बढी हुन सक्यो। तर राष्ट्रिय आयमा भने वार्षिक औषत करीब २ प्रतिशत मात्र बृद्धि हुन सकेको अनुमान छ। योजना अवधिमा कृषि उत्पादनमा ह्रास हुन गएको छ र औद्योगिक उत्पादनमा पनि अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन। बितेका पञ्चवर्षीय योजनाहरूले आर्थिक पूर्वाधारहरू सृजना गर्नमा सफल भए। तर समष्टि रूपमा हेर्ने हो भने योजना अवधिमा आर्थिक क्षेत्रको अधिकाँश महत्वपूर्ण अङ्गमा देशले लक्ष्य अनुसारको सफलता हासिल गर्न सकेन।

७. गत वर्ष मौसमको अनकूलताले गर्दा खाद्यान्न उत्पादन ३.० प्रतिशतले बृद्धि भएको हो तापनि चालू आर्थिक वर्षमा पर्न आएको लामो समयसम्मको खेडेरीले गर्दा खाद्यान्नको उत्पादनमा करीब १३ प्रतिशत ह्रास हुन गई पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल क्षेत्र र अन्य पहाडी भागहरूमा खाद्य सङ्कटको स्थिति उत्पन्न भयो। देशलाई खाद्य सङ्कटबाट बचाउन श्री ५ को सरकारले आफ्नै स्रोतबाट र मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहायताको रूपमा प्राप्त खाद्यान्न यथासंभव छिटो साधनद्वारा खडेरी ग्रस्त जिल्लाहरूमा पुऱ्याई तदारूकताका साथ समयमा नै वितरणको व्यवस्था मिलाएको छ र क्रयशक्ति नभएका जनताहरूलाई "कामको लागि खाद्यान्न" कार्यक्रम अन्तर्गत खाद्यान्न उपलब्ध गराइएको छ। दुर्गम क्षेत्रहरूमा स्थल मार्गबाट पठाउँदा धेरै समय लाग्ने भएकोले हवाई जहाजद्वारा ढुवानी गर्ने र खसाल्ने कार्य गरियो। हाम्रो खाद्य सङ्कटलाई समाधान गर्न सघाउ पुऱ्याउने सबै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संगठनहरूलाई म श्री ५ को सरकारको तर्फबाट कृतज्ञता ज्ञापन गर्न चाहन्छु र साथै यस किसिमको राष्ट्रिय आपत्तिको समयमा धैर्यपूर्वक संयमसाथ श्री ५ को सरकारलाई यस काममा सहयोग उपलब्ध गराएकोमा सम्पूर्ण नेपाली जनताप्रति पनि आभार व्यक्त गर्दछु।

८. हाम्रो जस्तो कृषिप्रधान देशको कृषि क्षेत्रकै उत्पादनमा ह्रास हुनगएबाट र देशमा उपयुक्त उद्योगधन्दाको विकास हुन नसक्नाले एकातिर देशको बहुसंख्यक स-साना कृषकहरूको आर्थिक जीवन अव्यवस्थित हुन गएको छ भने अर्कोतिर अर्ध रोजगारी, वेरोजगारी, मूल्य बृद्धि र आपूर्तिको समस्याले जनजीवन तथा विकास कार्यमा नराम्रो असर पर्न गएको छ। मौसमको प्रतिकूलताले उत्पादनमा केही कमी आउनु स्वभाविक नै भए तापनि उत्पादकत्वमा समेत ह्रास हुँदै जानु चिन्ताको विषय हुन आएको छ। यसको अतिरिक्त वातावरणमा असन्तुलन आई भू-क्षय समेत हुन थालेको छ। भू-क्षय हुन नदिने, कृषि उत्पादकत्वमा बृद्धि ल्याउने देशको लागि उपयुक्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औद्योगिक वातावरणको शृजना गर्नु पर्ने जस्ता कुराहरू आज हाम्रा अगाडि चुनौतिका रूपमा खडा छन् ।

९. चालू वर्षको आर्थिक स्थितिमाथि दृष्टिगत गर्दा मूल्य बृद्धि र यसबाट पर्ने लागेको चाप हामी सबैको लागि चिन्ताको ठूलो विषय हुन गएको छ । उत्पादनमा ह्रास हुन गई माग र आपूर्तिमा असन्तुलन हुन गएकोले मूल्यमा बृद्धि हुनु स्वभाविकै हो । तर यस वर्ष अत्यावश्यक उपभोग्य वस्तुहरूको मूल्यमा तीव्ररूपबाट बृद्धि भइरहेकोले गर्दा पनि अर्थ व्यवस्थामा पर्ने भार र सर्व-साधारण जनताले अनुभव गर्नु पर्ने कठिनाईहरूबारे मैले यहाँ भनिराख्नु पर्दैन । झन यस वर्ष खडेरीले गर्दा अप्रत्याशितरूपबाट खाद्यान्नमा भएको ह्रासले मूल्य बृद्धिको समस्यालाई अझ जटिल बनाएको छ । श्री ५ को सरकारले उत्पादन, आपूर्ति र वितरणको क्षेत्रहरूमा आवश्यक कदमहरू चालेर मूल्यलाई नियन्त्रण गर्ने प्रयास गर्दै आएको छ तापनि कतिपय कारणहरूले गर्दा मूल्य स्थिति स्थिर हुन सकेको छैन । चालू आर्थिक वर्षको ६ महीनामा राष्ट्रिय उपभोक्ता मूल्य सूचिमा ८.४ प्रतिशतले बृद्धि भएको देखिन्छ र यो अङ्क गत आर्थिक वर्षको चैत्र र यस आर्थिक वर्षको चैत्र बीचमा १३.३ प्रतिशतले बढेको देखिन्छ ।

१०. यसरी मूल्य बृद्धिमा तीव्रता आउनाको मुख्य कारण छिमेकी तथा अन्तरराष्ट्रिय बजारहरूमा सबैजसो सामानहरूको मूल्यमा बृद्धि हुनु र ओपेक देशहरूले पेट्रोलको मूल्यमा अप्रत्याशितरूपले बृद्धि गर्नु पनि हो । पेट्रोलको भाउ अन्तरराष्ट्रिय बजारमा वार्षिक सरदर ३४ प्रतिशतले बढेको छ भने अन्तर्राष्ट्रिय मुद्रा स्फीतिको दर यस वर्ष ९ प्रतिशतभन्दा बढी रहेको अनुमान गरिएको छ । यसका अतिरिक्त हाम्रै केही आन्तरिक कारणहरू पनि यस वर्ष मूल्य बृद्धिमा तीव्रता ल्याउन उत्तरदायी छन् । खाद्यान्नमा अप्रत्याशित रूपले ह्रास आउनाको साथै अत्यावश्यक बस्तुहरूको आपूर्तिमा कमी र औद्योगिक बस्तुहरूको उत्पादनमा समेत कमी हुन गएकोले पनि मूल्यमा चाप परेको देखिन्छ ।

११. देशको वैदेशिक व्यापार घाटा बढ्दै गएको परिप्रेक्षमा यस वर्ष शोधनान्तर स्थिति समेत प्रतिकूल हुन सक्ने लक्षणहरू देखा परेको कुरा आर्थिक सर्भेक्षणबाट यस सदनलाई जानकारी भएकै छ । यस वर्ष हाम्रो विदेशी व्यापारको घाटाको क्रम विगत वर्षहरूको तुलनामा अति तीव्र गतिले बढ्दै गएको र त्यसको अतिरिक्त भुक्तानी सन्तुलन पनि प्रतिकूल हुने लक्षण भएकोले शोधनान्तर स्थितिको दृष्टिकोणबाट देशको अर्थतन्त्रमा नै गम्भीररूपले प्रतिकूल प्रभाव पर्ने संभावना देखिनु हाल चिन्ताको विषय हुन आएको छ । आर्थिक वर्षको प्रथम ८ महीनाको शोधनान्तर स्थिति रू. ४ करोड ७६ लाखले हाम्रो पक्षमा रहे तापनि यस आर्थिक वर्षको अन्ततिर घाटा हुने अनुमान गरिन्छ । हाल शोधनान्तर स्थिति हाम्रो पक्षमा हुनुमा विदेशी सहायताको परिचालनले ठूलो भूमिका खेलेको छ जुन आर्थिक दृष्टिकोणबाट फलदायक छ भनी मान्न सकिन्न । यसरी शोधनान्तर स्थिति प्रतिकूल हुन गएमा अर्को एक दुई वर्षभित्र नै भुक्तानीसम्बन्धी समस्याले एक जटिल रूप लिन सक्ने संभावना छ । तसर्थ बिग्रँदै गएको शोधनान्तर स्थितिको परिप्रेक्षमा राष्ट्रिय अर्थ व्यवस्थामा रहेको तरलतालाई अत्यधिक बृद्धि हुँदै जान दिएमा शोधनान्तर स्थिति माथि दवाव बढ्दै जान सक्नेछ ।

५०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अध्यक्ष महोदय, श्री ५ महाराजाधिराज सरकारबाट केही दिन अघि यस सदनको एकतीसौं अधिवेशनलाई गरिबक्सेको शाही संबोधनमा उल्लेख भएका श्री ५ को सरकारको नीति र आगामी वर्षमा अपनाइने कार्यक्रमहरूको छलफलको क्रममा माननीय सदस्यहरूले दिनु भएको समसामयिक सुझावहरूको निमित्त म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु र साथै प्राप्त कतिपय व्यवहारिक सुझावहरू पनि मैले बजेटमा प्रतिबिंवित गर्न खोजेको छु। देशको आवश्यकता, जन आकाँक्षा तथा जनप्रतिनिधिहरूको सुझावहरूलाई प्रतिबिंवित गर्न सक्ने नीति मात्र देशलाई सही बाटोमा अगाडि बढाउन सफल हुन्छ भन्ने मेरो धारणा छ। आज देशलाई विकासको बाटोमा डोराउने व्यवहारिक तथा गतिशील नीति एवं निर्देशनको खाँचो छ। देशमा आज जनआकांक्षा-नुसारको निर्दलीय पञ्चायती प्रजातन्त्र व्यवस्थाले अरू खँदिलो जग हालेको छ र यही व्यवस्था सरकार र जनताको बीचको दूरीलाई हटाई सबै वर्गमा समन्वय स्थापना गरी देश विकासको क्रममा गतिशीलता प्रदान गर्न संभव हुने तथ्य पनि निर्विवाद छ। यिनै तथ्यहरूको परिप्रेक्षमा आगामी वर्षमा अपनाइने विकास तथा आर्थिक नीतिहरूको तर्जुमा गरेको छु।

१३. अध्यक्ष महोदय, आगामी वर्षदेखि हामी छैठौं पञ्च-वर्षीय योजनाको प्रथम वर्षमा प्रवेश गर्दैछौं। यस योजनाले देशको वास्तविक आर्थिक तथा सामाजिक चित्रलाई जन समक्ष प्रस्तुत गरी त्यसको पृष्ठभूमिमा उत्पादनमा अधिकाधिक बृद्धि गर्ने, उत्पादनशील रोजगारीको अवसर प्रदान गर्ने तथा जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने जस्ता उद्देश्यहरूको प्राप्तिको लागि आवश्यक नीतिहरूको अनुसरण गरेको छ। यिनै नीति तथा लक्ष्य अनुरूप आगामी बजेटमा पनि विकास नीतिलाई निर्दिष्ट गरिएको छ।

१४. विकासको फल तल्लो तहसम्म पुऱ्याउन एवं गरीब तथा पिछडिएका वर्गको जीवनस्तर माथि उठाउनु नै हाम्रो सबै नीति तथा लक्ष्यहरूको उद्देश्य हुनु पर्ने तथ्यलाई हृदयङ्गम गरी आगामी बजेटमा खानेपानी, प्राथमिक शिक्षा तथा औषधोपचार, एवं अन्य ग्रामीण विकाससित आवद्ध न्यूनतम आधारका आवश्यकताहरूको परिपूर्ति गर्ने कार्यक्रमहरूलाई बढी ग्राह्यता दिइएको कुरा पनि अध्यक्ष महोदयमार्फत माननीय सदस्यहरूलाई स्पष्ट पार्न चाहन्छु।

१५. अध्यक्ष महोदय, हाम्रो देशको कृषि प्रणालीमा बहुसंख्यक स-साना कृषकहरूको बाहुल्यता रहेकोले उनीहरूको आर्थिक स्थितिमा सुधार तथा ग्रामीण जीवनस्तरमा अनकूल परि-वर्तन कृषि उत्पादन बृद्धिबाट मात्र सम्भव रहेको कुरा मैले यस सदनलाई भनी राख्न पर्दैन। यसको अतिरिक्त साधन परिचालन र रोजगारीको दृष्टिकोणले पनि नेपालको अर्थ व्यवस्थामा कृषिको नै प्रमुख भूमिका भएको तथ्य निर्विवाद छ। यिनै परिप्रेक्षमा र छैठौं योजनामा उत्पादन बृद्धि गर्ने उद्देश्य अनुरूप आगामी बजेटमा उत्पादनशील कार्यक्रमहरूलाई विशेष जोड दिएको छु। कृषि अनुसन्धान, कृषि प्रसार, कृषि ऋणसम्बन्धी व्यवस्थामा ठोस परिवर्तन गरी कृषि सामग्री तथा कृषि उपजको संचय र समुचित बजार व्यवस्थामा उचित वातावरण सृजना गरिनेछ। कृषि कार्यक्रमहरू प्रभावकारी तथा उत्पादनमूलक बनाउन किसानको समस्याहरू समाधान सम्बन्धी कार्यहरूलाई प्राथमिकता दिने किसिमको कृषि अनुसन्धान गराउनेतर्फ ठोस कदमहरू चालिनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. कृषि विकास कार्यमा किसानहरूको सहभागिता नभएसम्म कुनै पनि कार्यक्रमहरूको सफल कार्यान्वयन श्री ५ को सरकारको प्रयासबाट मात्र सम्भव हुँदैन भन्ने मेरो धारणा छ। तसर्थ आगामी वर्षदेखि कृषि प्रसार कार्यक्रमको क्षेत्रलाई व्यापक बनाई जनसहभागिता परिचालन गर्ने विशेष व्यवस्था गरिनेछ। यस अनुसार विभिन्न स्तरमा कृषि समितिहरू गठित गरिने छन् र कृषि विकासमा संलग्न सबै निकायका कर्मचारीहरू जिल्लाको विभिन्न स्तरमा गठित समिति प्रति उत्तरदायी बनाई कृषि विकास कार्यक्रम, योजना तर्जुमा तथा कार्यान्वयन समेत गर्ने सम्पूर्ण जिम्मेवारी जनप्रतिनिधिहरूलाई क्रमशः सुम्पिइनेछ। यस व्यवस्था अन्तर्गत जनप्रतिनिधि र सरकारी यन्त्र बीचको सम्बन्ध दरिलो र घनिष्ट रहन गई कृषि उत्पादन कार्यक्रमको सफल कार्यान्वयन हुनेछ भन्ने आशा लिएको छु।

१७. उत्पादन वृद्धिमा आगामी वर्षदेखि कृषि कार्यक्रमलाई निर्दिष्ट गरिएकोले सिंचाइ, उन्नत बीउ, मलखाद र कृषि ऋणको समन्वयात्मक रूपबाट कार्यक्रम सञ्चालन गरिनेछ। सिंचाइको सुविधा उपलब्ध भएको क्षेत्रमा एकीकृत रूपबाट कृषि कार्यक्रम सञ्चालन गरिनेछ। कृषि ऋण वितरणमा पनि अझ सरल तथा सुलभ प्रक्रिया अपनाई कृषि विकास बैङ्कले प्रदान गर्ने कूल ऋण रकममध्ये कम्तीमा पनि ६० प्रतिशत छोटो अवधिको तर उत्पादनशील क्षेत्रमा वितरण गरिने नीति लिइनेछ र यस ऋणमध्ये हालको स्थितिमा सकेसम्म बढी प्रतिशत ऋण साना किसानहरूलाई उपलब्ध गराइनेछ। यसको अतिरिक्त कृषि ऋणमा लिई आएको व्याज दरको औचित्य बारे पनि अध्ययन गरी आवश्यक कदमहरू चालिने छन्। साना किसान विकास कार्यक्रमलाई अरू व्यापक तथा प्रभावकारी बनाइनेछ। यस अन्तर्गतका साना किसानहरूलाई दिइने कृषि ऋणको व्याज दरमा पनि आगामी वर्षदेखि केही सहुलियत दिने व्यवस्था गरिनेछ।

१८. नेपाल जस्तो सीमित साधन भएको र अधिकांश गरीब ग्रामीण जनसंख्या भएको देशमा स-साना घरेलु तथा ग्रामीण उद्योगहरूको पनि प्रवर्द्धन तथा विकासमा बढी ध्यान दिनु पर्ने आवश्यकता देखदछु। यसबाट देशमा खेर गइरहेको जनशक्तिको सदुपयोग हुनुको साथै बेरोजगारी तथा अर्ध बेरोजगारीको समस्या समेत केही मात्रामा हल हुन जानेछ। यसको अतिरिक्त यस किसिमका उद्योगहरूको विकासबाट एकातिर ग्रामीण जनताको आयमा क्रमिक रूपले बृद्धि हुनेछ भने अर्कोतिर औद्योगीकरण गर्नमा समेत सघाउ पुग्न गई हाल पैठारी गरिएका अनेक वस्तुहरूको प्रतिस्थापन देशभित्रै हुने र निकासी योग्य प्रशोधित तथा तयारी वस्तुहरूको पनि उत्पादन गर्न सकिने भएकोले आगामी बजेटमा यस क्षेत्रको विकासको लागि आवश्यक सहुलियतहरू प्रदान गर्ने विशेष व्यवस्था गरिनेछ।

१९. हाल देशमा अझ पनि नयाँ उद्योगहरू सन्तोषजनकरूपले स्थापित हुन सकेका छैनन् र विद्यमान उद्योगहरू पनि पूरा क्षमतामा चल्न सकेका छैनन् भन्ने कुरा मैले माननीय सदस्य-हरूलाई अगाडि नै अवगत गराइसकेको छु। देशको औद्योगिक विकासमा निजी क्षेत्रको ठूलो भूमिका रहेकोले श्री ५ को सरकारले देशको औद्योगिक विकासमा निजी क्षेत्रलाई नै प्राथमिकता दिंदै आएको छ र कतिपय सुविधाहरू पनि उपलब्ध गराएको छ। तर पनि यी सुविधाहरूको सरल र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुलभ रूपले उपयोग भएको देखिंदैन र पाएका सुविधाहरूको पनि सदुपयोग नभएको महसूस गरिएको छ । खास गरी श्री ५ को सरकार र निजी क्षेत्र बीच राम्रो सहयोग र सद्भावनाको अभावबाट उत्पन्न भएका सानासाना समस्याहरूले गर्दा पनि उद्योग स्थापना गर्नेतर्फ बाधा अड्चन आउन गएको हुँदा भविष्यमा यस्ता समस्या र अनिश्चितताको वातावरणले गर्दा औद्योगिक विकासमा अवरोध नाआओस् भन्ने दृष्टिकोण अपनाई नीति तर्जुमा गर्नुको साथै प्रशासकीय प्रणालीमा पनि आवश्यक सुधार गरिनेछ ।

२०. औद्योगिक लगानीको लागि उचित वातावरणको श्रृजना गर्न औद्योगिक व्यवसाय ऐनमा उपयुक्त संशोधन गरी ऐनले दिएको सुविधाहरू तदारूकताका साथ उपलब्ध गराइनेछ । श्री ५ को सरकारबाट प्रदान गरिने औद्योगिक सुविधाहरूलाई अझ बढी समन्वयात्मक र प्रभावकारी बनाउनेतर्फ आगामी वर्ष पाइलाहरू चालिने छन् । यसको अतिरिक्त आयकर ऐनमा पनि संशोधन गरी औद्योगिक लगानी आकर्षण गर्न उचित वातावरण श्रृजना गर्न श्री ५ को सरकार कटिवद्ध छ । तर निजी क्षेत्रबाट पनि देशको आर्थिक अवस्थालाई ध्यानमा राखेर सरकारले दिन सक्ने सहुलियतको परिधिभित्र रही छैठौं योजनाको उद्देश्य अनुरूप लगानी बढाएर विकासको गतिलाई तीव्र पार्ने हर सम्भव प्रयत्न हुनै पर्दछ भन्ने कुरामा श्री ५ को सरकार विश्वस्त छ । निजी क्षेत्रको अधिकांश लगानी जुन अहिलेसम्म व्यापारमा केन्द्रित रहेको छ, आगामी वर्षदेखि उत्पादनशील औद्योगिक क्षेत्रतर्फ समेत प्रवाहित हुन जानेछ भन्ने आशा राखेको छु ।

२१. देशको जनसंख्या बृद्धि दरमा कम नगरी विकासको पूरा फल आम जनताले चाहे जति मात्रामा उपभोग गर्न नसक्ने तथ्य हामी सबैलाई विदितै भएको कुरा हो । यसै तथ्यलाई दृष्टिगत राखी श्री ५ को सरकारले केही समयदेखि परिवार नियोजन कार्यक्रम चालू गर्दै आएको हो । जनसंख्याको कार्यक्रमलाई स्वास्थ्य क्षेत्रको परिधिबाहिर लगी अन्य क्षेत्रहरूमा पनि विस्तार गरी जनसंख्या नियन्त्रण कार्यक्रम प्रभावकारी रूपबाट लगिनेछ । विभिन्न क्षेत्रमा संचालन गरिने जनसंख्या नियन्त्रण कार्यक्रमको राष्ट्रिय स्तरमा बढी समन्वय तथा निर्देशन दिन उच्चस्तरीय राष्ट्रिय जनसंख्या आयोगको पनि गठन भएको छ ।

२२. छिमेकी देशहरू र अन्तर्राष्ट्रिय बजारमा हाल भइरहेको मूल्य बृद्धिले देशको आन्तरिक मूल्य स्थितिमा निकै असर पारेको छ भन्ने कुरा मैले माथि भनिसकेको छु । देशको वर्तमान आर्थिक विकासको स्तर र ढाँचाको पृष्ठभूमिमा मूल्य बृद्धिको यथार्थताबाट उम्किन सकिन्न भन्नुमा कुनै अत्युक्ति होओइन र यस्तो विकट स्थितिको सामना कसरी गर्ने भन्ने विषयतर्फ श्री ५ को सरकारको ध्यान बढी केन्द्रित भएको छ । मूल्य बृद्धि सम्बन्धी समस्याहरूको निराकरण गर्ने अल्प, मध्य र दीर्घकालिन उपायहरू छन् भन्ने कुरा मैले भनिराख्नु परोइन । मध्य र दीर्घकालिन उपायहरू अन्तर्गत आधारभूत सामग्रीहरूको पैठारीमा कम भर पर्ने आर्थिक ढाँचाको विकास गर्नु, कृषि र औद्योगिक बस्तुहरूको उत्पादन बढाउन, अन्तर्राष्ट्रिय सिमाना प्रभावकारी ढंगले नियन्त्रण गर्नु आदि कठिन कार्यहरू पर्दछन् । यसतर्फ श्री ५ को सरकार सक्रिय छ र आउने वर्षहरूमा यसतर्फ अरू बढी प्रयास गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. छोटो अवधिमा मूल्य बृद्धिको समस्या समाधान गर्ने उपलब्ध विकल्पहरू सीमित छन्। अन्तर्राष्ट्रिय सिमाना नियन्त्रण नभएको अवस्थामा र त्यसमाथि छिमेकी मुलुकहरूमा मूल्य बृद्धि भइरहेको बेलामा बजारमा बेचिने वस्तुहरूको अधिकतम खुद्रा मूल्य निर्धारण गरी स्थानीय प्रशासनहरू मार्फत मूल्य नियन्त्रण गर्ने प्रयासहरू सफल हुन नसकेको कुरा पहिलेको अनुभवहरूले स्पष्ट गरेको छ। प्रशासकीय माध्यमबाट मूल्य नियन्त्रण गर्न खोज्दा यसबाट स्थिति झन बिग्रने र अझ उल्टो बस्तुहरू बजारबाट लोप भई उपभोक्ताहरूलाई नै हैरानी हुने कुरा निश्चित छ। अतएव छोटो अवधिमा मूल्य स्थितिलाई अरू बिग्रन नदिन बजारमा बस्तुहरूको आपूर्ति नै बढाउनु एक मात्र प्रभावकारी उपाय हो।

२४. हाल बिग्रँदै गइरहेको मूल्य स्थितिलाई अरू बिग्रन नदिन आगामी वर्ष श्री ५ को सरकारले निम्न कदमहरू लिनेछ.–

(क) उपभोक्ताहरूमा परेको मूल्य बृद्धिको भार केही हलुका गर्न अत्यावश्यक उपभोग्य बस्तुहरूको पैठारी महसूल, बिक्री कर र अन्त.शुल्कका दरहरूमा केही परिवर्तन गरिनेछ।

(ख) छिमेकी मुलुकहरूमा अभाव भएका अत्यावश्यक बस्तुहरू समुद्रपारबाट पैठारी गर्ने व्यापारीहरूलाई प्रोत्साहन दिने सिलसिलामा पैठारी महसूल र बिक्री करका दरहरू एवं यी करहरू लगाउँदा अपनाइने मूल्याङ्कन विधिमा सुधार गरिनेछ।

(ग) विशेष गरी सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी उनीहरूको आवश्यकता अनुकूल दैनिक उपभोग्य बस्तुहरू सुलभ तरीकाबाट उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिइनेछ।

(घ) बस्तुहरूको जिल्लान्तर आवागमनमा रोक लगाउने परिपाटी हटाइनेछ र साधारणतया अधिराज्यभित्रका सबै भागहरूमा बस्तुहरूको आवागमन स्वतन्त्र गरिनेछ।

(ङ) अनावश्यक किसिमबाट बस्तुहरूको बिक्रीमूल्य नियन्त्रण गर्ने परिपाटी यथाशक्य हटाइनेछ।

(च) कृत्रिम अभाव पार्ने, तथा अनुचित मूल्य लिई सर्वसाधारण जनतालाई दैनिक जीवनमा खलल् पार्नेहरूउपर श्री ५ को सरकारले कडा से कडा कारवाही गर्नेछ।

२५. माननीय सदस्यहरूलाई विदितै भएको कुरा हो कि मूल्यमा स्थिरता तब मात्र संभव छ जब माग आपूर्तिमा सामञ्जस्य आउँदछ। तर एकातिर हाम्रो माग भने बढ्दो छ अर्कोतिर मालसामानहरूको आपूर्तिको स्थिति बिग्रँदो छ। यस परिस्थितिमा मूल्यलाई स्थायित्व दिन मागमा उचित नियन्त्रण गरी बस्तुहरूको आपूर्तिमा बढीभन्दा बढी ध्यान दिनु परेको छ।

२६. समुद्रपारतर्फको व्यापार प्रवर्द्धन गर्ने दृष्टिबाट श्री ५ को सरकारले विदेशी विनिमय नीतिको माध्यमबाट आर्थिक सहुलियत प्रदान गर्दै आएको कुरा माननीय सदस्यहरूलाई विदितै छ। अहिलेसम्मका हाम्रा अनुभवहरूलाई केलाउने हो भने श्री ५ को सरकारले उपलब्ध गराएको सुविधाको अनुपातमा निकासी बृद्धि गर्नेतर्फ भएको उपलब्धि प्राय. नगण्य नै मान्न सकिन्छ। यस बाहेक छिमेकी मुलुकहरूसँगको व्यापारलाई पनि विकास गर्नु आवश्यक देखिन्छ। खास गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशका उपलब्ध प्राकृतिक साधनहरूको उपयोग गरी उत्पादनमा नै बृद्धि गर्न नसकेसम्म आर्थिक प्रोत्साहन दिँदैमा निकासी क्षेत्रको विकास संभव छैन । नेपालको अर्थतन्त्रमा परेका विभिन्न विकृतिहरू हटाउने र स्थायी रूपले निर्यात व्यापारमा विकास गर्ने उद्देश्यले लागू गरिएको विनिमय प्रणालीलाई श्री ५ को सरकारले समय समयमा अध्ययनगरी आवश्यक सुधार गर्दै आएको छ।

२७. श्री ५ को सरकारबाट विभिन्न संस्थानहरूमा भएको आर्थिक लगानीको परिमाण बृद्धि हुँदै गएको कुरा माननीय सदस्यहरूलाई विदितै होला । चालू आर्थिक वर्षसम्म विभिन्न संस्थानहरूलाई रू. १ अरब ३८ करोड ९ लाख प्रत्यक्ष शेयरको रूपमा लगानी गरेको छ भने श्री ५ को सरकारको जमानतमा रू. ८४ करोड ४१ लाखको ऋण उपलब्ध गराइएको छ र अरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अनुदान दिने क्रम पनि जारी नै छ। तर धेरैजसो संस्थानहरू मुनाफामा चल्न सकेका छैनन् र केही संस्थानहरू आफ्नो दायित्व पूरा गर्न सक्ने स्थितिमा पनि छैनन् । यी संस्थानहरूमा लगाइएको लगानीको अनुपातमा श्री ५ को सरकारलाई प्राप्त हुने कुल लाभांश ५ प्रतिशत पनि छैन ।

२८. तसर्थ यी संस्थानहरूको व्यवस्थापन, कार्यदक्षता, स्वायत्तता, नियन्त्रण प्रणालीमा आवश्यक सुदृढीकरण गरी संस्थानहरूको कार्यमा आवश्यक सुधार ल्याइनेछ । एकै किसिमका उद्देश्यले प्रेरित संस्थानहरूलाई बेग्ला बेग्लै रूपमा राखिनाले अनावश्यक प्रतिस्पर्धा हुनुको साथै कार्य कुशलतामा पनि प्रतिकूल असर पर्न जाने हुँदा कार्य प्रणालीमा सामञ्जस्यता र समन्वय ल्याउन विभिन्न संस्थानहरूको एकीकरण गरिनेछ र टुक्र्याउनु पर्ने आवश्यक देखिएका संस्थानहरू भए सो कदम पनि उठाइनेछ। सरकारी क्षेत्रमा संचालन हुने आधारभूत उद्योगहरू, अति आवश्यक ठानिएका उद्योग तथा व्यापारहरू किटान गरी संस्थानहरूमार्फत विकास गरिनेछ र सो बाहेक अन्य उद्योग र व्यापारलाई निजी क्षेत्रलाई छोड्ने नीति अपनाइनेछ । अनावश्यक तथा राम्रो सँग चल्न नसक्ने व्यापारी प्रबृत्तिका संस्थानहरूलाई खारेजसमेत गरिनेछ ।

२९. देशका अधिकांश जनताहरूको निमित्त उत्पादनशील तथा रोजगारीमूलक कामको लागि वाणिज्य बैङ्कहरूबाट दिइने कर्जा कूल निक्षेप दायित्वको ७ प्रतिशत हुनु पर्नेमा २०३६ फाल्गुणसम्ममा कूल निक्षेपको ५ प्रतिशत मात्र भएको छ । यस्तो किसिमको कर्जामा बृद्धि गर्न प्रभावकारी रूपबाट व्यवस्थित गर्नु पर्ने भएको छ। यस सम्बन्धमा विभिन्न मन्त्रालय, राष्ट्र बैङ्क र वाणिज्य बैङ्कहरूका बीच समन्वय ल्याउन श्री ५ को सरकारले प्राथमिकता क्षेत्र समन्वय समितिको गठन गर्नेछ। यसले मुख्य रूपमा बैङ्कबाट पनि जाने कर्जालाई उत्पादन क्षेत्र र प्राथमिकता पाएको क्षेत्रमा मात्र उपयोग गराउने कार्यमा समन्वय ल्याउनेछ। यस्तो व्यवस्थाले अनावश्यक संचितिलाई प्रोत्साहन नदिनाको साथै वस्तुहरूको आपूर्तिमा पनि कमी हुन आउन दिने छैन र तस्कर व्यापारलाई पनि निरूत्साहित गर्नेछ। बैङ्कहरूले प्रदान गर्ने व्याज दरमा पनि देशको कृषि, उद्योग तथा व्यापार धन्दालाई प्रतिकूल असर नपर्ने गरी मूल्य स्थितिको आधारमा हेरफेर गर्ने आवश्यक अध्ययन गरिनेछ ।

३०. हालसम्म अधिराज्यको पचहत्तरै जिल्लामा गरी कूल २४० वाणिज्य बैङ्क शाखाहरू खुलीसक्दा पनि सरदर ५८ हजार जनसंख्याको लागि एक बैङ्क कार्यालय पर्न आउँछ। यी भएका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैङ्क शाखाहरू पनि प्रादेशिक सन्तुलनको आधारमा नखुलेकाले विभिन्न क्षेत्र तथा जिल्लाका विभिन्न इलाकाका बीच असन्तुलन अझै कायमै रहेकोले आगामी छैठौं योजनाभित्र सरदर प्रति ३० हजार जनसंख्याको लागि एक बैङ्क कार्यालय रहने गरी सन्तुलित बैङ्क विस्तार कार्यक्रम संचालन गर्न पनि आवश्यक कदम चालिनेछ ।

३१. विगत केही वर्षहरूदेखि एकातिर मुद्रा प्रदायमा क्रमिक बृद्धि भइरहेको छ भने अर्को-तिर राष्ट्रिय उत्पादनमा अपेक्षित रूपमा बृद्धि हुन सकेको छैन । फलस्वरूप जनताको हातमा रहेको तरलतामा राष्ट्रिय आयको अनुपातमा अत्यधिक बृद्धि भएको छ । यस सन्दर्भमा मुद्रा प्रदा-यमा अत्यधिक बृद्धि हुन दिन पनि वाञ्छनीय देखिदैन । यस्तो परिस्थिति आउन नदिन राजश्व नीतिलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गरी अनुत्पादक खर्चहरूमा अत्यधिक मात्रामा कटौती गर्ने व्यवस्था गरेको छु । यस किसिमको कदमबाट उत्पादन क्षेत्रमा लगानिको प्रवाह बढ्न जाने र चालू कर प्रणाली अन्तर्गत राजश्व संकलनको निम्ति क्षेत्रहरू क्रमशः व्यापक हुँदै जानेछ ।

३२. कर राजश्व संकलन गर्दा सरकारी राजश्व बढाउने परम्परागत उद्देश्य मात्र नराखी उत्पादन बढाउने कार्यले समेत प्रोत्साहन पाउने उद्देश्य लिएको छु । देशको उत्पादन बृद्धि हुन सकेमा नै अन्ततोगत्वा सर्वसाधारणको जीवनस्तर बढी सरकारी राजश्वसमेत बढ्न सक्ने भएकोले कर नीतिलाई उत्पादनमूलक बनाउने प्रयास गरिएको छ । आन्तरिक उत्पादनलाई निरूत्साहित गर्ने किसिमका कतिपय करहरूलाई यथाशक्य उत्पादनमुखी बनाउने प्रयास गरेको छु ।

३३. प्रशासन यन्त्रलाई सक्षम नबनाइकन विकासका लक्ष्यहरू हासिल गर्नु सम्भव छैन । विकास कार्य सञ्चालनको लागि परम्परागत प्रशासन पर्याप्त छैन । यसले बढ्दो मात्रामा आधुनिक व्यवस्थापन पद्धतिको अपेक्षा गर्दछ । तसर्थ आगामी वर्षहरूमा प्रशासन व्यवस्थालाई बढी प्रभावकारी बनाउने र आर्थिक अनुशासन कायम गर्नेतर्फ दृढताका साथ कमद चालिनेछन् । खास गरी आगामी वर्षहरूमा कार्यक्रम बजेट नियोजन प्रणालीमा ठोस सुधार गरिनेछ र योजना कार्यक्रम तथा नियन्त्रणको लागि चाहिने सूचना तथा तथ्याङ्कहरू संकलन गर्नेतर्फ विशेष ध्यान दिइनेछ । यस बाहेक योजना तथा विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा श्री ५ को सरकारको सम्बन्धित मन्त्रालयहरूलाई बढी सक्षम बनाइनेछ । प्रशासकीय दक्षता हासिल गर्न तालीमको प्रभावकारी रूपबाट व्यवस्था गरिनेछ ।

३४. हाम्रो जस्तो अति कम विकसित मुलुकको लागि आर्थिक विकासको शुरूको अवस्थामा वैदेशिक सहायता प्रतिको निर्भरता महत्त्वपूर्ण रहने कुरा निर्विवाद छ । विकासको बढ्दो आवश्यकता पूरा गर्न बढ्दो मात्रामा आन्तरिक स्रोतको परिचालन गरी विकासको दर तीव्र पार्नेतर्फ श्री ५ को सरकार आगामी वर्षहरूमा पनि प्रयत्नशील रहनेछ । तर विकासको वाञ्छित दर हासिल गर्न आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकोले वैदेशिक सहायताको भूमिका बितेका वर्षहरू सरह नै यो वर्ष पनि महत्त्वपूर्ण रहेको छ । अन्तरराष्ट्रिय जगतमा विकसित देशहरूले विकासोन्मुख मुलुकहरूको आकांक्षा पूरा गर्न बढी जिम्मेवारी र संलग्नता देखाउन थालेकोले पनि हाम्रो आयव्यय अनुमानमा वैदेशिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहायताको अनुपात बढ्नु स्वाभाविक हो। विकसित मुलुकहरूले चालू दशकमा आफ्नो कूल राष्ट्रिय उत्पादनको ०.७ प्रतिशत विकासोन्मुख मुलकहरूलाई उपलब्ध गराउने लक्ष्य राखेको र यसलाई आगामी दशकसम्ममा १ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोले पनि विकासोन्मुख मुलकहरूले पाउने वैदेशिक सहायताको रकम आगामी वर्षहरूमा समेत बढ्दै जाने देखिएको छ। विश्वमा आर्थिक तथा सामाजिक स्थायित्व ल्याउन विकसित मुलुकहरूले साधनको बाँडफाँडमा विकासोन्मुख मुलुकहरूलाई पनि उचित स्थान दिनुपर्छ भन्ने विकासोन्मुख मुलुकहरूले गरेको संगठित प्रयासको कारणले पनि वैदेशिक सहायताको रकममा बृद्धि भइरहेको छ।

३५. अध्यक्ष महोदय, देश विकासको प्रारम्भिक अवस्थामा आन्तरिक साधन परिचालनको अभावमा वैदेशिक सहायताले सघाउ पुऱ्याए तापनि कुनै पनि देशले आत्मनिर्भर नभई वास्तविक प्रगति गर्न सक्दैन। तसर्थ आन्तरिक स्रोतको अनुपात बढाउँदै लैजानेतर्फ श्री ५ को सरकार सचेष्ट छ। यिनै तथ्यलाई हृदयङ्गम गरी विदेशी सहायताको अनुपातलाई क्रमिक रूपले घटाउँदै लैजाने उद्देश्य लिएको छ। तर यसको लागि आगामी वर्षहरूमा करको आधार र सम्भाव्य क्षेत्र बढाउँदै लैजानु पर्ने आवश्यकता अझ बढी छ। प्राप्त वैदेशिक सहायतालाई आधारभूत आवश्यकताको परिपूर्ति गर्ने तथा उत्पादनशील क्षेत्रतर्फ लगानी गर्ने कामलाई आगामी आर्थिक वर्षको बजेटमा प्राथमिकता प्रदान गरिएको छ। विदेशी सहायतालाई सक्षम रूपबाट हाम्रो आवश्यकता अनुसार परिचालन गर्न एवं प्रथमतः हाम्रो आन्तरिक साधनको समूचित व्यवस्था गरी परिचालन गर्नु पर्ने देख्दछु। यही तथ्यलाई हृदयङ्गम गरी आगामी वर्षहरूमा आन्तरिक राजश्व परिचालन गर्न राजश्व प्रशासनमा विशेष व्यवस्था गर्न लागेको कुरा मैले माथि भनिसकेको छ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२

१. अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०३५।३६ को यथार्थ खर्च र आर्थिक वर्ष २०३६।३७ को संशोधित अनुमान बारे उल्लेख गर्दछु । आर्थिक वर्ष २०३५ ।३६ मा विकास बजेट र साधारण बजेट गरी जम्मा रू. ३ अरब ११ करोड ४५ लाख ८२ हजार खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च रू. ३ अरब २ करोड ४ लाख ८५ हजार हुने भएको छ । राजश्वतर्फ रू. १ अरब ७० करोड ३९ लाख ७२ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा रू. १ अरब ८१ करोड १९ लाख १४ हजार यथार्थ संकलन भएको छ । विदेशी सहायतातर्फ अनुदान र ऋण गरी रू. १ अरब ४ करोड ७७ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा जम्मा रू. ९८ करोड ९३ लाख ९६ हजार प्राप्त भई रू. २१ करोड ६१ लाख ७५ हजार न्यून हुन गएको छ । उपरोक्त न्यून आन्तरिक ऋण रू. २० करोड उठाई बाँकी रू. १ करोड ६१ लाख ७५ हजार नगद मौज्दातबाट पूर्ति गरिएको छ ।

२. चालू आर्थिक वर्षमा विकास बजेट र साधारण बजेट गरी जम्मा रू. ४ अरब १८ करोड ३८ लाख ७८ हजार खर्च हुने अनुमान भएकोमा जम्मा रू. ३ अरब ५४ करोड २१ लाख ४० हजार खर्च हुने संशोधित अनुमान छ । राजश्व संकलन रू. २ अरब १२ करोड १२ लाख ६४ हजार र विदेशी सहायता रू. १ अरब ८७ करोड ६२ लाख ३६ हजार प्राप्त हुने अनुमान भएकोमा क्रमश. रू. १ अरब ७४ करोड ७६ लाख र १ अरब ३६ करोड ३७ लाख ९८ हजार प्राप्त हुने संशोधित अनुमान छ । यसरी चालू वर्षको कूल खर्चमा राजश्व र विदेशी सहायताबाट व्यहोरी बाँकी हुन आएको न्यूनमा रू. १ ८ करोड आन्तरिक ऋणबाट र बाँकी रू. २५ करोड ७ लाख ४२ हजार नगद मौज्दातबाट व्यहोरिने संशोधित अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३

अध्यक्ष महोदय,

१. आगामी वर्षदेखि छैठौं योजनाको प्रारम्भ हुने भएकोले यस योजनाको आधारभूत सिद्धान्तमा उल्लिखित उद्देश्य र नीतिहरूसंग सामञ्जस्य हुने गरी आगामी वर्षको विकास बजेट प्रस्तुत गरेको छु। आगामी वर्षको विकास कार्यक्रम सम्बन्धी विवरण यस सदनमा छुट्टै पेश हुनेछ तापनि यस सम्बन्धमा केही प्रकाश पार्न चाहन्छु।

२. पाँचौं पञ्चवर्षीय योजना अन्तर्गत श्री ५ को सरकारले सञ्चालन गर्दै आएको योजनाहरूको निम्ति बढी रकम छुट्याउनु पर्ने भएकोले छैठौं योजनाकालको उद्देश्य अनुरूप आगामी आर्थिक वर्षमा केही नयाँ कार्यक्रमहरूलाई पछि सार्नु परेको छ। पाँचौं योजनाकालको प्रवाहलाई रोकी लगानीको बनोटमा एक वर्ष नभए पनि दुई तीन वर्षभित्र आधारभूत परिवर्तन ल्याउनु पर्ने आवश्यकतालाई ध्यानमा राखी आगामी वर्षको कार्यक्रम तथा आयव्यय विवरण तर्जुमा गरेको छु। यस सन्दर्भमा यस वर्ष विकास कार्यक्रम तयार गर्दा श्री ५ को सरकारबाट सम्पूर्ण खर्च व्यहोर्ने गरी नयाँ आयोजनाहरू समावेश गर्न भरसक नियन्त्रण गर्न खोजेको छु। साधारण र विकासतर्फका अनावश्यक खर्चहरूमा कटौती गर्ने नीतिलाई यस वर्ष अझ प्रभावकारी बनाइएको छ र श्री ५ को सरकारले व्यहोर्ने सालवसाली खर्चमा पनि निकै नियन्त्रण गरिएको छ। विकास खर्चलाई बढी वास्तविक बनाउन काम गर्ने क्षमता र वास्तविक लगतको आधारमा खर्च समावेश गर्ने परिपाटी बसाल्ने प्रयास गरेको छु।

३. छैठौं योजनाले उत्पादनशील लगानी र त्यसमा पनि कृषि क्षेत्रको विकासमा प्राथमिकता दिनुको साथै घरेलु तथा ग्रामीण उद्योग विकास र जनसाधारणको न्यूनतम आवश्यकता पूर्ति गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ। यसरी छैठौं योजनाले राष्ट्रिय आय वृद्धि गर्ने तथा आयको समुचित वितरण गर्ने लक्ष्यलाई समन्वयात्मक रूपले लगी विकास कार्यक्रमहरूलाई भरसक जनमुखी बनाउन खोजेको कुरा स्पष्ट हुन्छ।

४. नेपाल गाउँ नै गाउँले भरिएको देश भएको हुँदा देश विकास क्रममा ग्रामीण विकासको ठूलो महत्त्व छ। हाम्रो देशको प्राकृतिक बनोट अधिकांश गरीब तथा कमजोर वर्गको बाहुल्य र सीमित साधन तथा प्राविधिक जनशक्तिको अभावलाई दृष्टिगत गर्दा विभिन्न सामाजिक तथा आर्थिक सुविधाहरूलाई अव्यवस्थित रूपबाट छर्नुभन्दा यिनीहरूलाई एकै स्थानमा केन्द्रित गरेमा बढी से बढी आर्थिक लाभ हुने हुँदा आगामी वर्षको कार्यक्रम तर्जुमा गर्दा एकीकृत ग्रामीण विकास कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिइएको छ। यस अनुसार आगामी वर्षमा अधिराज्यको २७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लाहरूमा ग्रामीण विकास कार्यक्रम संचालन गरिनेछ। यसको अतिरिक्त स्थानीय तहमा स्थानीय श्रम र स्रोतको परिचालनबाट स्थानीय आवश्यकता अनुसार अन्य सानातिना विकास आयोजनाहरू पनि संचालन गरिनेछन् । स्थानीय विकास कार्यक्रमको लागि स्थानीय पञ्चायतहरूलाई बढी मात्रामा सहभागी गराउने उद्देश्यबाट विकास अनुदानको रकम उल्लेखनीय रूपमा वृद्धि गरिएको छ । यस बाहेक अधिराज्यको पिछडिएको दुर्गम क्षेत्रको विकासको लागि छुट्टै विकास कार्यक्रम संचालन गर्ने व्यवस्था गरिएको छ । उपरोक्त कार्यक्रमहरू संचालनको निम्ति आगामी आर्थिक वर्षमा करीब रू. २६ करोड छुटचाइएको छ जुन कूल विकास खर्चको ८ प्रतिशत हुन आउँछ र चालू वर्षको दाँजोमा ७० प्रतिशत र गत वर्षको दाँजोमा झण्डै दोब्बरले वृद्धि हुन आएको छ ।

५. देशका बहुसंख्यक ग्रामीण जनताको न्यूनतम आवश्यकता पूर्ति गर्ने कार्यक्रमहरूमा एकीकृत ग्रामीण विकास कार्यक्रमको अतिरिक्त आगामी वर्ष ग्रामीण खाने पानीको लागि विशेष जोड दिइएको छ । चालू आर्थिक वर्षको दाँजोमा ग्रामीण खाने पानीको लागि झण्डै ७५ प्रतिशत बढी रकम बजेटमा छुटचाइएको छ । यसको अतिरिक्त झोलुंगे पूलको निर्माण, आधारभूत स्वास्थ्य सुविधाको विस्तार तथा प्राथमिक शिक्षाको विस्तार जस्ता न्यूनतम आवश्यकता पूर्ति गर्ने कार्यक्रमहरूको लागि आवश्यक व्यवस्था गरिएको छ ।

६. नेपालको अर्थ व्यवस्थामा घरेलु उद्योगको विशिष्ट स्थान रहेको,यस उद्योगको विकासबाट बढी जनताले रोजगारको अवसर पाउने, ग्रामीण जनताको जीवनस्तरमा सुधार आउने र घरेलु उद्योगबाट उत्पादित माल निर्यात गरी विदेशी मुद्राको समेत आर्जन गर्न सकिने भएकोले घरेलु उद्योग विकाससम्बन्धी एक सुनियोजित आयोजना संचालन गर्ने व्यवस्था गरिएको छ । यस उद्योगको विकासमा संलग्न विभिन्न संस्थाहरूका बीच समन्वय कायम गरी यससम्बन्धी कार्य प्रणालीलाई बढी प्रभावकारी बनाइनेछ ।

७. अधिराज्यको खासगरी पहाडी क्षेत्रमा रोजगारीका थप अवसर उपलब्ध गराउने श्रम प्रधान आयोजनाहरूको कार्यान्वियनतर्फ पनि ध्यान दिनु पर्ने आवश्यकतालाई महसूस गरी आगामी वर्षमा श्रममूलक सिंचाई आयोजनाहरूको कार्यान्वियन प्रारम्भ गरिनेछ । यसै गरी कामको लागि खाद्यान्न कार्यक्रम अन्तर्गत पनि यातायातसम्बन्धी विभिन्न आयोजनाहरू कार्यान्वियन गरी पहाडी क्षेत्रमा रोजगारीका थप अवसर उपलब्ध गराउने कार्यक्रम राखिएको छ ।

८. राष्ट्रिय उत्पादनमा वृद्धि गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी आगामी वर्षको विकास वजेटमा कृषि क्षेत्रलाई सर्वोपरि प्राथमिकता दिइएको छ । कूल विकास बजेटको करीब २७ प्रतिशत रकम कृषि क्षेत्रको लागि छुटचाइएको छ । खासगरी मुख्य खाद्यान्न बालीहरू नगदे बालीहरू, दूध, फुल, मासु, माछा, फलफूल तथा तरकारीहरूको उत्पादनमा बृद्धि ल्याउने उद्देश्यबाट वर्तमान कृषि प्रसार कार्यक्रमलाई बढी व्यापक र विस्तृत बनाई सक्रिय जन-सहभागिता जुटाउन आवश्यक व्यवस्था गरिनेछ । यसैगरी कृषि अन्तर्गतका सबै क्षेत्रका अनुसन्धानहरूलाई मुख्यत: ११ कृषि केन्द्रहरूमा सीमित गरी अनुसन्धान कार्यलाई व्यावहारिक तथा अनुसरणित गराउनुको साथै किसानको समस्यासँग सम्बन्धित अनुसन्धान कार्यलाई प्राथमिकता दिइनेछ । अन्य कृषि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फर्महरूलाई उत्पादनमूलक तथा कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन कृषि प्रसार कार्यकर्ता र किसानहरूको तालीममा संलग्न गराइनेछ। सिंचाईतर्फ विभिन्न आयोजनाहरू सम्पन्न गरी आगामी आर्थिक वर्षमा करीब १०,५०० हेक्टरमा थप सिंचाई सुविधा उपलब्ध गराइने छ। साना किसान विकास कार्यक्रमहरू हाल कृषि विकास बैंकको माध्यमबाट संचालन भइरहेकोमा आगामी वर्षदेखि यसलाई राष्ट्रिय स्तरबाट संचालन गरिनेछ। एकैपटक सबै जिल्लाहरूमा यो कार्यक्रम सञ्चालन गर्न व्यावहारिक नभएकोले आगामी वर्ष केही जिल्लाहरूमा कार्यक्रम संचालन गर्न पूर्वाधारहरू खडा गरिनेछन् र हाल संचालित कार्यक्रमहरूलाई अरू बढी व्यापक बनाइनेछ।

९. विभिन्न कारणले पहाडी क्षेत्रमा बढ्दो भू-क्षय र समतलमा बढ्दो बाढीको समस्यालाई क्रमश: समाधान गर्दै लैजान भू-संरक्षण र जलाधार व्यवस्थापन कार्यक्रम चालू राखिनेछ। वास्तवमा भू–क्षय नियन्त्रण कार्य स्थानीय जनताको सक्रिय सहभागिताबाट मात्र सफल हुन सक्ने हुँदा स्थानीय आवश्यकतालाई दृष्टिगत गरी अन्य कार्यक्रमसँग यो कार्यक्रम एकीकृत रूपमा संचालन गर्दै लगिनेछ। कृषि, वन लगायत अन्य प्राकृतिक साधनहरूको संरक्षण,. विकास र परिचालन गर्दै लैजान आगामी वर्षदेखि केही नयाँ आयोजनाहरू कार्यान्वयण गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ।

१०. तराई क्षेत्रमा प्रतिदिन बढ्दो जनसंख्या, खेतीयोग्य भूमिको कमी र बहुमूल्य वन संपदाको ह्रासलाई समेत दृष्टिगत गरी पहाडी क्षेत्रमा नै पुनर्वास गराउने प्रयास जारी राखिने छ। यस अनुरूप आगामी आर्थिक वर्ष पहाडी क्षेत्रमा कुटीर उद्योग, सहकारी, पशुपालन, नगदे बाली (चिया, अलैंची) तथा ठाउँ सुहाउँदो अन्य व्यवसायहरूको विकास गरी गैर कृषिमा आधारित पुनर्वासको संभाव्यता अध्ययन गरी योजना तर्जुमा गरिनेछ।

११. जनसंख्या सँगसँगै बढ्दै गइरहेको इन्धनको माग र वन्य सम्पदामा भैरहेको ह्रासलाई दृष्टिगत गर्दा दैनिक उपयोगका काठ दाउराको आवश्यकता पूरा गर्नु प्रभावकारी र ठोस कार्यक्रमको आवश्यकता निर्विवाद नै छ। यस परिप्रेक्षमा आगामी आर्थिक वर्षमा अधिराज्यका पहाडी जिल्लाहरूमा सामुदायिक रूपमा वन विकास कार्यक्रम संचालन गरिनेछ। साथै दाउरा कम लाग्ने चुलाहरूको अनुसन्धान, निर्माण र वितरण कार्यक्रम शुरू गरिनेछ। यसको अतिरिक्त इन्धनका अन्य विकल्पहरूको विकास गर्दै लैजान बिजुली, सौर्य इन्धन, वायो–ग्यास प्राकृतिक ग्यासको विकासमासमेत उचित ध्यान दिइनेछ।

१२. विद्युत्तर्फ आगामी वर्षको विकास बजेटको करीब १९ प्रतिशत रकम छुट्याइएको छ जुन यस वर्षको दाँजोमा ३३ प्रतिशत बढी छ। आगामी वर्षको मध्यतिर १०,००० कि. वा. विद्युत्शक्ति उत्पादन गर्ने हेटौंडा डिजेल विद्युत् केन्द्रको निर्माण कार्य पूरा हुनेछ। यसको निर्माणबाट मध्यमाञ्चल विकास क्षेत्रमा देखापरेको विद्युत्को माग तथा आपूर्तिमा केही हदसम्म भए पनि समन्वय ल्याउन मद्दत पुऱ्याउने आशा राखेको छु। कुलेखानी जल विद्युत् आयोजनाको निर्माण सम्बन्धी पूर्वाधारहरू पनि आगामी वर्षसम्ममा पूरा हुनेछ। मध्यमाञ्चल तथा पूर्वाञ्चल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास क्षेत्रहरू जोड्ने विद्युत् प्रसारण लाइनको लागि आवश्यक पर्ने सबै व्यवस्थाहरू पूरा भैसकेका छन् र निर्माण सम्बन्धी प्रारम्भिक कार्य पनि शुरू गरिनेछ। स्थानीय आवश्यकता पूरा गर्न विभिन्न ठाउँहरूमा निर्माण गरिने साना जल विद्युत् आयोजनाहरूको लागि पनि आवश्यक रकमको व्यवस्था गरेको छु।

१३. उद्योग विकासतर्फ, भइरहेका उद्योगहरूको क्षमतामा बृद्धि गरी सुचारुरूपले कार्यान्वयन गर्ने नीति अनुसार बजेट व्यवस्था भएको छ। यसको अतिरिक्त हेटौंडामा निर्माण भइरहेको सिमेण्ट कारखानाको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

१४. यातायात विकासतर्फ आगामी वर्षको विकास बजेटको करीब १९ प्रतिशत रकम छुटचाइएको छ। जुन यस वर्षको तुलनामा करीब १३ प्रतिशत कम हुन आउँछ। आगामी वर्ष हाल चालू भइरहेका विभिन्न आयोजनाहरू, जस्तै हेटौंडा–नारायणघाट, बुटवल–कोहलपुर, धरान–धनकुटा र गोरखा–नारायणघाट राजमार्गहरूको निर्माणको लागि आवश्यक रकम व्यवस्था गरिएको छ। राजमार्गसँग जोडिने सहायक मार्गहरू तथा उत्तर–दक्षिण मार्गहरूको निर्माणमा जोड दिइएको छ। साथै महेन्द्र राजमार्गमा बिजुलीबाट चल्ने रेलमार्गको सम्भाव्यताबारे प्रारंभिक अध्ययनतर्फ कदम चालिनेछ। हवाई विकासतर्फ नेपालको विभिन्न भागहरूमा निर्माण भइसकेको हवाई मैदानहरूमा थप सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। आगामी वर्षमा त्रिभुवन विमानस्थलको धावन मार्ग सुदृढ गर्ने कार्यक्रम पूरा हुनेछ र नयाँ टर्मिनल कम्प्लेक्सको निर्माण कार्य शुरू गरिनेछ। देशको पिछडिएको भागमा यातायातको न्यूनतम सुविधा पुऱ्याउन विशेष रूपले जोड दिइएको छ। यस नीति अनुरूप झोलुंगे पूलको निर्माणको लागि व्यवस्था गरिएको रकम गत वर्षको तुलनामा ५७ प्रतिशतले बृद्धि गरिएको छ र आगामी वर्ष विभिन्न क्षेत्रहरूमा नयाँ झोलुंगे पूलहरूको निर्माण कार्य शुरू गरिनेछ।

१५. सञ्चारको क्षेत्रमा छिमेकी राष्ट्रहरूसँग हाल भइरहेको सञ्चार माध्यमको क्षमतामा बृद्धि गरी सुधार ल्याउने व्यवस्था आगामी वर्षको बजेटमा गरेको छु। यसको अतिरिक्त नेपालको अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्पर्क अझ व्यापक तथा सुगम पार्ने दृष्टिकोणले निर्माण भइरहेको भू–उपग्रह आयोजनाको कार्यान्वयन जारी रहनेछ।

१६. शिक्षातर्फ निःशुल्क प्राथमिक शिक्षालाई सुदृढीकरण तथा विस्तार गर्नुको साथै भौतिक सुविधाहरूको समेत व्यवस्थाको लागि आगामी आर्थिक वर्षमा जोड दिइनेछ। अधिराज्यभर प्राथमिक स्तरको पढाइमा ४ र ५ कक्षाको पढाइ क्रमशः थप गर्दै लैजाने नीति अनुरूप सर्वप्रथम दुर्गम क्षेत्रका प्राथमिक स्कूलहरूमा ४ र ५ कक्षाको पढाइ शुरू गरिएको छ। उच्च शिक्षातर्फ कृषि, चिकित्सा शास्त्र र इञ्जिनीयरिङ्गमा पढाइको सुविधा विस्तार गरिने कार्यक्रम जारी रहनेछ। साथै प्रौढहरूको निरक्षरता हटाई उनीहरूको ज्ञान र सीपको विकास गरी स्थानीय विकास कार्यमा सघाउ पुऱ्याउने हेतुले प्रौढ शिक्षा कार्यक्रम चालू राखिएको छ। शिक्षाको विकासमा क्रमिकरूपले जनसहभागिता बृद्धि गर्न आवश्यक वातावरण सृजना गर्ने प्रयास गरिनेछ।

१७. स्वास्थ्य क्षेत्रतर्फ ग्रामीण जनतालाई न्यूनतम स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवालाई एकीकरण गर्दै लैजाने उद्देश्य अनुरूप आगामी वर्षमा थप ५० वटा एकीकृ त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वास्थ्य चौकीहरूको स्थापना गरिनेछन् । दुर्गम पहाडी क्षेत्रका जनतालाई कण्ठरोग जस्तो रोगबाट बचाउन आयोडिन युक्त नूनको वितरणको अलावा आयोडिन उपचारको नयाँ कार्यक्रम पनि शुरू गरिनेछ । छैठौं योजनाभरिमा प्रत्येक जिल्लामा कमसेकम एक वटा १५ शैया अस्पतालको व्यवस्था गरिने उद्देश्य अनुरूप आगामी वर्षमा १३ जिल्लामा १५ शैया अस्पतालहरूको निर्माण कार्य चालू रहनेछ ।

१८. मैले आज प्रस्तुत गरेको विकास बजेट क्षेत्रीय सन्तुलनको दृष्टिकोणबाट हेर्दा पूर्वाञ्चलमा विकास बजेटको १६.४३ प्रतिशत, मध्यमाञ्चलमा ४२.८७ प्रतिशत, पश्चिमाञ्चलमा १३.०५ प्रतिशत, सुदूर पश्चिमाञ्चलमा १६.८८ प्रतिशत र विकास क्षेत्र खुलाउन नमिल्ने कार्यक्रममा १०.७७ प्रतिशत पर्दछ । यस अनुसार पूर्वाञ्चल विकास क्षेत्रमा यस वर्ष करीब रू. ४६ करोड व्यवस्था भएकोमा आगामी वर्ष रू. ५६ करोड, मध्यमाञ्चल विकास क्षेत्रमा रू. १ अरब ३० करोडबाट रू. १ अरब ४६ करोड, पश्चिमाञ्चल विकास क्षेत्रमा रू. ४२ करोडबाट रू. ४५ करोड र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा रू. ४२ करोडबाट बृद्धि गरी करीब रू. ५८ करोड विनियोजित भएको छ । क्षेत्र खुलाउन नसकिने र राष्ट्रियस्तरका आयोजनाहरूको हकमा यस वर्ष करीब रू. ३४ करोड भएकोमा आगामी वर्ष रू. ३७ करोडको व्यवस्था भएको छ । विकास खर्चमा हुने लगानीलाई क्षेत्रीय दृष्टिकोणबाट समेत बढी व्यापक गराउने नीति अनुरूप आर्थिक तथा सामाजिक विकासमा देशको पछि परेको भागमा बढी लगानी गर्ने दृष्टिकोण राखेको छु । मध्यमाञ्चल विकास क्षेत्रमा कुलेखानी जल विद्युत्, देवीघाट जल विद्युत्, हेटौंडा सिमेण्ट कारखाना, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण, थानकोट–नौबिसे सडक जस्ता वृहत् आयोजनाहरू कार्यान्वयन भइरहेकोले बढी लगानी गर्नुपर्ने बाध्यता छँदैछ. तर पनि यस क्षेत्रमा भएको लगानीबाट परोक्ष वा अपरोक्ष रूपमा अरू विकास क्षेत्रहरू पनि लाभान्वित हुन सक्ने लक्ष्यप्रति पनि म अध्यक्ष महोदय मार्फत सदनको ध्यान आकर्षित गर्न चाहन्छु ।

१९. अब म आगामी आर्थिक वर्षको आय व्ययको अनुमान पेश गर्दछु । विकास बजेट जम्मा रू. ३ अरब ४१ करोड ३९ लाख २० हजार र साधारण बजेट जम्मा रू. १ अरब ४५ करोड ४१ लाख ७७ हजारको प्रस्ताव गरेको छु । चालू बजेटको संशोधित अनुमानको तुलनामा विकास बजेटमा ४५.५ प्रतिशत र साधारण बजेटमा २१.६ प्रतिशतले बृद्धि हुने अनुमान गरेको छु ।

२०. साधारण बजेटमा संवैधानिक अङ्गमा रू. ६ करोड ६४ लाख ७२ हजार, साधारण प्रशासनमा रू. २२ करोड ५२ लाख ५५ हजार, राजश्व प्रशासनमा रू. ३ करोड ६९ लाख ५२ हजार, आर्थिक प्रशासन र योजनामा रू. १ करोड ३९ लाख ७९ हजार, न्याय प्रशासनमा रू. १ करोड ९७ लाख ४६ हजार, वैदेशिक सेवामा रू. ४ करोड ८० लाख २ हजार, रक्षामा रू. २६ करोड ४६ लाख १० हजार, सामाजिक सेवाहरूमा रू. २१ करोड ३१ लाख ५२ हजार, आर्थिक सेवाहरूमा रू. ११ करोड ५३ लाख ८६ हजार, ऋण लगानी तथा साँवा ब्याजमा रू. २४ करोड ६५ लाख २३ हजार र विविधमा रू. २० करोड ४१ लाख व्यवस्था भएको छ ।

२१. विकास बजेटको कूल खर्चमध्ये आर्थिक सेवाहरूमा रू. २ अरब ५२ करोड ९७ लाख ६१ हजार, सामाजिक सेवाहरूमा रू. ८० करोड २१ लाख ६९ हजार र आर्थिक प्रशासन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र योजना, साधारण प्रशासन र विविधमा रू. ८ करोड १९ लाख ९० हजार छुट्याइएको छ। आर्थिक सेवाहरूतर्फ छुट्याइएको कूल रकममध्ये कृषि, भूमिसुधार र सिंचाईमा रू. ७४ करोड ३७ लाख ४९ हजार, वनमा रू. १४ करोड ४६ लाख ११ हजार, उद्योग तथा खानीमा रू. २३ करोड ३१ लाख ५४ हजार, यातायातमा रू. ६४ करोड ५२ लाख १७ हजार, सञ्चारमा रू. ५ करोड ८२ लाख ३ हजार, विद्युत्मा रू. ६५ करोड ३७ लाख ९० हजार, नापीमा रू. ३ करोड २ लाख २५ हजार र अन्य आर्थिक सेवाहरूमा रू. २ करोड ८ लाख १२ हजार छुट्याइएको छ। सामाजिक सेवातर्फ शिक्षामा रू. ३२ करोड २६ लाख ४० हजार, स्वास्थ्यमा रू. १६ करोड ४८ लाख २ हजार, पिउने पानीमा रू. १२ करोड १ लाख २५ हजार, पञ्चायतमा रू. १५ करोड २३ लाख ३४ हजार र अन्य सामाजिक सेवाहरूमा रू. ४ करोड २२ लाख ६८ हजार छुट्याइएको छ।

२२. राजश्वतर्फ वर्तमान स्रोतबाट रू. २ अरब १७ करोड ७८ लाख ९० हजार प्राप्त हुने अनुमान छ। यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा २४.६ प्रतिशतले बढी छ। कूल राजश्वमा कर राजश्वबाट रू. १ अरब ७४ करोड ८० लाख २४ हजार र गैर कर राजश्वबाट रू. ४२ करोड ९८ लाख ६६ हजार प्राप्त हुने अनुमान छ।

२३. कूल कर राजश्वमा अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने करबाट रू. ६६ करोड ४८ लाख ५३ हजार र वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करबाट रू. ७० करोड २१ लाख १९ हजार उठ्ने अनुमान छ। आय, नाफा तथा सम्पत्तिमा लाग्ने कर र मालपोत तथा रजिष्ट्रेशनबाट भने क्रमश: रू. २१ करोड ६० लाख र रू. १६ करोड ५० लाख ५२ हजार प्राप्त हुने अनुमान छ। गैर कर राजश्वतर्फ सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट रू. १५ करोड ९७ लाख ९९ हजार लाभांश, तथा साँवा व्याजबाट रू. १७ करोड ४२ लाख ६३ हजार र दस्तूर, दण्ड, जरीवाना र जफत, रोयल्टी, टकमरी आदिबाट रू. ९ करोड ५८ लाख ४ हजार प्राप्त हुने अनुमान छ।

२४. वैदेशिक सहायतातर्फ अनुदान र ऋण गरी जम्मा रू. २ अरब ४ करोड ८३ लाख ५२ हजार प्राप्त हुने अनमान छ। यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा करीब ५० प्रतिशतले बढी छ। यस वर्षको अनुमान अनुसार कूल विकास खर्चको करीब ६३ प्रतिशत विदेशी सहायताबाट व्यहोरिने भएकोमा आगामी वर्ष कूल विकास खर्चको ६० प्रतिशत विदेशी सहायताबाट व्यहोरिने अनुमान छ। यसरी विकास खर्चमा श्री ५ को सरकारबाट गरिने योगदान यस वर्षको दाँजोमा आगामी वर्ष केही प्रतिशत बढ्ने अनुमान छ तापनि हामीले सन्तोष लिने कुनै कारण देखिंदैन। हुनत यसले अवश्य पनि आन्तरिक साधन बढीभन्दा बढी परिचालन गर्ने श्री ५ को सरकारको कटिवद्धतासम्म दर्शाउँछ। यस सन्दर्भमा देशको आर्थिक तथा सामाजिक विकासको लागि बढी मात्रामा लगानी गर्दै जानु पर्ने आवश्यकतालाई दृष्टिगत गर्दा आगामी वर्षहरूमा पनि वैदेशिक सहायताको महत्वपूर्ण स्थान रही रहने नै छ। नेपालको सफल असंलग्न परराष्ट्र नीति एवं विभिन्न मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग बढ्दै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गएको निकटतम सम्बन्धले गर्दा नेपालको विकासको लागि वित्तिय तथा प्राविधिक सहयोगको परिमाणमो बृद्धि हुँदै गैरहेको छ। यस परिप्रेक्षमा नेपाल सहायता समूहको पनि महत्वपूर्ण भूमिका रहेको छ। नेपालको विकास कार्यमा सहयोग प्रदान गरिरहेका सबै मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूप्रति श्री ५ को सरकारको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु।

२५. यसरी आगामी वर्ष विकास र साधारण गरी जम्मा रू. ४ अरब ८६ करोड ८० लाख ६७ हजार खर्च हुने अनुमान अनुसार आयको वर्तमान स्रोतहरूबाट रू. २ अरब १७ करोड ७८ लाख ६० हजार र वैदेशिक अनुदान तथा ऋणबाट रू. २ अरब ४ करोड ८३ लाख ५२ हजार गरी जम्मा रू. ६४ करोड १८ लाख ५५ हजार न्यून देखिएको छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

अध्यक्ष महोदय,

१. अब म माथि देखिएको न्यून पूर्ति गर्न थप कर राजश्व र गैर कर राजश्व सम्बन्धी प्रस्तावहरू यस सदनको जानकारीको लागि प्रस्तुत गर्दछु। यी प्रस्तावहरू तर्जुमा गर्दा सर्वसाधारण, गरीब र कमजोर वर्गहरू र साना किसानहरूलाई आर्थिक भार कम गरी सकेसम्म सुविधा दिने उद्देश्यलाई मध्य नजर राखेको छु। श्री ५ महाराजाधिराज सरकारबाट कर प्रणालीलाई बढी न्यायपूर्ण, वैज्ञानिक र सरलीकरण गर्न निर्देशन भए अनुसार गठित आर्थिक आयोगले दिएका सुझावहरूलाई आवश्यकतानुसार समावेश गर्न प्रयत्न गरेको छु। साथै जनआकांक्षा र अन्य औद्योगिक तथा व्यापारिक संघ संस्थाहरूले दिएको समसामयिक सुझावहरूलाई पनि ध्यानमा राखेको छु।

२. अध्यक्ष महोदय, हाम्रो जस्तो अति कम विकसित देश जहाँ अधिकांश जनताहरू गरीब र कमजोर छन्, जहाँ आर्थिक विकास प्रारम्भिक अवस्थामा छ, जहाँ उद्योगहरूको स्थापना भर्खर प्रारम्भ हुन खोजेको छ, जहाँ कृषिमा आधारित अर्थ तन्त्र र ससाना किसानहरूको बाहुल्य छ, देशको कर प्रणाली यिनै वर्गहरूको हितलाई सर्वोपरि राखी देश विकासको अभियानमा राजश्व परिचालन गर्न सघाउ पुऱ्याउनु पर्छ भन्ने मेरो धारणा छ। कर प्रणालीको उद्देश्य बढी राजश्व संकलन मात्र नभै विकासको निम्ति राजश्व परिचालन गरी उत्पादन वृद्धिमा अर्थ तन्त्रलाई सघाउ पुऱ्याउनु पनि हो। बढी कर दर लगाए बढी राजश्व संकलन हुने, घटी लगाएमा सोही अनुरूप घटी संकलन हुने कुरालाई, अध्यक्ष महोदय, म कदापि मान्न सक्तिन। वास्तवमा करको अन्तर्निहित उद्देश्य करदाताले स्वेच्छाले पनि कर तिर्ने बानी बसाल्नु हो। हाम्रो कर प्रणाली न्यायपूर्ण, वैज्ञानिक र सरलीकरण नभएसम्म यो सम्भव छैन। सर्वसाधारणलाई मर्का नपर्ने, उद्योग व्यापार फष्टाउने, सजिलैसंग कुनै वर्गलाई पनि मर्का नपर्ने गरी संकलन हुने आदि कुराहरूबाट नै यी उद्देश्यहरू हासिल गर्न सकिन्छ। मैले प्रस्ताव गरेको कर र गैर कर प्रस्तावहरूले यिनै कुराहरूलाई इंगित गर्दछन्।

३. म सर्वप्रथम अप्रत्यक्ष कर सम्बन्धी प्रस्तावहरू यस सदनमा पेश गर्न चाहन्छु। यो कर प्रस्ताव तर्जुमा गर्दा निर्यात प्रवर्द्धन, उद्योगहरूलाई कच्चा मालको कमी हुन नदिने, सर्वसाधारण जनताहरूको निमित्त चाहिने अत्यावश्यक तथा दैनिक उपभोगका सामानहरूमा प्रतिकूल असर नपर्ने, स्वच्छ वैदेशिक तथा आन्तरिक व्यापार प्रवर्द्धन, होडबाजी र तस्कर व्यापार निरुत्साहित गर्ने, सर्वसाधारण किसानहरूले प्रयोग गर्ने खालका कृषि सामग्रीको मूल्यमा प्रतिकूल असर नपर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आपूर्ति समस्या तथा मूल्य अस्थिरता हुन नदिने आदि उद्देश्यहरूलाई अंगीकार गरिएको कुरा भन्न चाहन्छु ।

४. निकासीतर्फ स्वदेशी उद्योगलाई चाहिने कच्चा पदार्थहरू अप्रशोधितरूपमा निकासी हुने प्रवृत्तिलाई निरुत्साहित गर्न अप्रशोधित वस्तुहरूको भन्सार निकासी महसूलमा केही वृद्धि गरेको छु भने कच्चा जूट जस्तो प्रमुख निकासी योग्य वस्तुको निकासी प्रवर्द्धनमा सघाउ पुऱ्याउने उद्देश्यले भन्सार निकासी महसूलमा केही कम गरेको छु । यसरी कच्चा जूटको भन्सार निकासी महसूलमा केही परिवर्तन गरिए वापत राजश्वमा करीव रू. २८ लाख घाटा हुने अनुमान गरेको छु ।

५. पैठारीतर्फ साधारण जनतालाई दैनिक उपभोगका अत्यावश्यक वस्तुहरूमा आपूर्ति र मूल्यबाट प्रतिकूल असर नपर्ने गरी हाल पैठारी भन्सार महसूलमा केही हेरफेर गरेको छु । औषधिहरूमध्ये भाइब्रोना जस्ता वढी अलकोहल भएका बाहेक अरू एण्टीवायोटिक्स, सल्फाड्रग्स, भिटामिन्स जस्ता सर्वसाधारणको निम्ति नभै नहुने औषधिहरूको पैठारी महसूल आजदेखि घटाएको छु ।

६. विदेशी सामानको पैठारीबाट स्वदेशी उद्योगहरूलाई प्रतिकूल प्रभाव हुन नदिन ऊनी गलैंचा, होजियरी लुगाहरू जस्ता सामानहरूमा केही पैठारी महसूल बढाएको छु । आवागमन तथा ढुवानीको निम्ति सर्वसाधारणले प्रयोग गर्ने, तर इन्धनको प्रयोग नहुने यातायातका साधनहरू साइकल, रिक्सा, टाँगा, गाडा आदिको पैठारी महसूल घटाई १ प्रतिशत मात्र राखेको छु भने पेट्रोलको बढ्दो खपतलाई निरुत्साहित गर्न मूल्य बृद्धिबाट पनि केही संभव हुने भएकोले यस्को महसूलमा प्रति लिटर रू. ।१० पैसाको दरले बृद्धि गरेको छु । साथै एभिएसन फ्यूलमा पनि प्रति लिटर रू. ।२० पैसा दरले बृद्धि गरेको छु। तर ढुवानी र सार्वजनिक यातायातका साधनमा प्रयोग हुने डिजल र सर्वसाधारण जनताले प्रयोग गर्ने मट्टीतेलमा महसूल यथावत नै राखेको छु । चिनी,तोरीको तेल जस्ता उपभोग्य वस्तुहरूको पैठारीमा भंसार महसूल निकै घटाएको छु।

७. एकै किसिमका सामान भारतबाट र समुद्रपारबाट पैठारी हुँदा लाग्ने महसूलमा ठूलो अन्तर भैरहेकोमा त्यस्तो अन्तर क्रमशः घटाउँदै लैजाने दृष्टिकोण अपनाई नेपाल-भारत वाणिज्य सन्धि अन्तर्गत रही सर्वसाधारणले उपभोग गर्ने केही सामानहरू जस्तै औषधि, कपडा, यातायात सुविधाका सामानहरूको पैठारी दरको अन्तरमा कम गरिएको छ ।

८. हाल कायम रहेको झिटी गुण्टा आदेश अन्तर्गत एक यात्रीले भन्सार माफीमा ल्याउन पाउने सामानहरू हेर्दा माफीमा ल्याइने सामानहरू पर्याप्त देखिएको र माफी बाहेकका सामानहरूको पैठारी इजाजत र बिदेशी विनिमयको स्रोत नदेखाई भंसार तिरे तापनि विदेशमा बसेको अवधिको अनुपातमा रू. ५०००।– देखि रू. १५०००।– सम्मको मालसामान ल्याउन पाउने व्यवस्था छ । यस्ले गर्दा यात्री सुविधाको नाममा बढी व्यापारिक प्रयोजनका मालसामान ल्याई नाजायज फाइदा उठाउन पैठारी इजाजत विना अबैध तरीकाले विदेशी मुद्रा प्राप्त गरी सामान ल्याउने प्रवृत्ति बढेकोले यसलाई निरुत्साहित गर्न र नियमित किसिमको पैठारी व्यापारलाई प्रोत्साहन दिन आजैदेखि लागू हुने गरी झिटी गुण्टा आदेशमा निम्नबमोजिम संशोधन गरिएको छः–

आधिकारिकता (मुद्रण) विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) एकजना यात्रीले भंसार महसूल नतिरी ल्याउन पाउने सामानमध्ये क्यामरा टेपरेकर्डर, टेप क्यासेट, रेकर्ड प्लेयर, ट्राँजिस्टर रेडियो वा रेडियो, प्रोजेक्टर, मुभिक्यामरा, स्टेरियो, टाइपराइटर, लुगा सिउने मेशीन र दूरविन वर्षको १ पटक मात्र ल्याउन पाउने छ ।

(ख) यात्री सुविधाको मालसामान र विना पैठारी इजाजत ल्याउन पाउने गरी यस आदेशले तोकेको मालसामान ल्याउँदा यात्रीले पाउने महसूल सुविधाको अङ्कले नखामी महसूल तिर्नुपरेमा यसरी ल्याएका सम्पूर्ण सामानहरूको महसूल मोलको १५० प्रतिशतका हिसाबले समदरमा असूल गरिने र बिक्रीकर सबैभन्दा माथिल्लो दरका लिइने छ ।

(ग) झिटी गुंटा नियम अन्तर्गत पनि व्यक्तिगत उपभोगका सामान मात्र ल्याउन पाइने छ ।

९. हाल प्रचलित भन्सार दरबन्दी पुस्तिका र यसमा अपनाइएका सामानहरूको वर्गीकरणको प्रक्रिया धेरै वर्ष अघिदेखिको हो । यसलाई बढी वैज्ञानिक, व्यावहारिक र सरल बनाउन कस्टमस् कोअपरेशन काउन्सीलको नोमेनक्लेचरको आधारमा तयार गरिएको वर्गीकरण पुस्तिका प्रकाशित गरिएको छ । यस प्रकारको वर्गीकरण विश्वका १३० भन्दा बढी देशहरूले लागू गरी सकेकोले यसको प्रयोगबाट हाम्रो देशको वैदेशिक व्यापार तथ्याङ्क अरू देशको तथ्याङ्कसंग तुलना गर्न सजिलो हुन जानेछ । साबिकमा केही वस्तुहरूमा लागी आएको सरचार्जलाई पनि सरलीकरणको निम्ति महसूलमा नै गाभिएको छ । कतिपय सामानमा परिमाणमा लागि आएको महसूलको दरलाई मोल प्रतिशतमा मिलाइएको छ । यसबाट आयातकर्ताहरूलाई कुन सामान कुन वर्गमा पर्दछ र कति महसूल लाग्दछ भन्ने कुरा बुझ्न सजिलो हुनेछ र बढी स्पष्ट पनि हुन जानेछ । अहिलेसम्मको दरबन्दी किताबमा निकासी हुने वस्तुहरूको लागि छुट्टै अनुसूची रहेकोमा प्रस्तुत दरबन्दी किताबमा निकासी र पैठारी दुवै थरीमा लाग्ने दरबन्दी एउटै अनुसूचीमा समावेश गरिएकोले काम गर्ने कर्मचारीहरूलाई पनि यसबाट सजिलो हुन जानेछ ।

१०. भन्सार महसूल दरबन्दीमा गरिएको परिवर्तन भन्सार महसूल दर तुरुन्त लागू हुनेछ । परिवर्तित महसूलको दर अनुसूची १, २, ३, र ४ मा समावेश छ । माथि उल्लेखित महसूलमा गरिएको परिवर्तनबाट थप राजश्व रू. ४ करोड ७१ लाख ४० हजार प्राप्त हुने अनुमान छ ।

११. अन्तःशुल्कतर्फ साना चामल तथा तेल मीलहरूलाई समूहमा विभाजन गरी, समदरको आधारमा लगाइएको अन्तःशुल्कलाई अझै प्रगतिशील एवं औचित्यपूर्ण बनाउने दृष्टिकोणले आगामी आर्थिक वर्षदेखि १० अश्व शक्तिभन्दा माथिका मीलहरूमा अश्व शक्तिको आधारमा अन्तःशुल्क लिने गरी समदरको दरमा समेत परिवर्तन गरेको छु । ३० अश्व शक्ति (बी. एच. पी.) सम्मका चामल मीलहरूमा र २५ अश्व शक्ति (बी. एच. पी.) सम्मका तेल मीलहरूमा हाल समदरको आधारमा अन्तःशुल्क लिइने गरेकोमा आगामी आर्थिक वर्षदेखि तेल मीलतर्फ पनि ३० अश्व शक्ति (बी. एच. पी.) सम्मका मीलहरूमा समदरमा नै अन्तः शुल्क असूल गरिनेछ ।

१२. ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका चामल तथा तेल मीललाई केही सहुलियत पुऱ्याउने हेतुले विद्युत परिचालित मीलहरूको तुलनामा क्रुड आयलद्वारा सञ्चालित मीलहरूमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१० प्रतिशत कम अन्तःशुल्क लिने व्यवस्था गरेको छु । यस प्रकारको सहुलियत दिंदा चामल तथा तेल मीलहरूबाट उठने राजश्वमा रू. १० लाख घाटा हुने अनुमान गरेको छु ।

१३. समदरको आधारमा अन्तःशुल्क तिर्ने हलर सिष्टमका चामल मीलहरू तथा तेल मीलहरूले हिसाब किताब राख्नु पर्ने छैन । अरू चामल तथा तेल मीलहरूको अन्तःशुल्क यथावत रहनेछ । समदरका हिसाबले लिइने अन्तःशुल्कको दर अनुसूची नं. ५ मा समावेश गरेको छु ।

१४. देहायका वस्तुहरूको अन्तःशुल्क दरमा देहाय अनुसार आजैदेखि लागू हुने गरी केही वृद्धि तथा परिवर्तन गरेको छु ।

१. चुरोट

(क) प्रति हजार खिल्ली रू. २५ सम्म मोल पर्नेमा	प्रति हजार खिल्ली	रू.	१७।–
(ख) प्रति हजार खिल्ली रू. २५ देखि माथि रू. ३५ सम्म मोल पर्नेमा	"	रू.	२२।–
(ग) ऐ ऐ रू. ३५ देखि माथि रू. ५० सम्म मोल पर्नेमा	"	रू.	५५।–
(घ) ऐ ऐ रू. ५० देखि माथि रू. १०० सम्म मोल पर्नेमा	"	रू.	७७।–
(ङ) ऐ ऐ रू. १०० देखि माथि रू. २०० सम्म मोल पर्नेमा	"	रू.	१३२।
(च) ऐ ऐ रू. २०० देखि माथि जतिसुकै मोल पर्नेमा	"	रू.	१६५।–

२. बियर प्रति लिटर	रू.	७।–
३. निम्नकोटीको मदिरा ५० यू. पी. भन्दा बढी यू. पी. शक्ति भएको बोतलबन्दी निम्नकोटी मदिरा प्रति एल. पी. लिटर	रू.	८।५०
४. स्टेनलेस स्टिलका भाडा वर्तन प्रति किलो	रू.	१५।–
५. सिमेण्ट प्रति टन	रू.	२४०।–
६. नाइलन तथा कृत्रिम रेशाबाट तयार गरिने कपडा सर्टिङ– ९२ सेन्टिमीटरसम्म चौडाई भएकोमा प्रति मिटर	रू.	१।४०

७. हालसम्म अन्तःशुल्क नलागेका निम्नलिखित वस्तुहरूमा निम्न अनुसार अन्तःशुल्क लिइनेछ

(क) नाइलन तथा कृत्रिम रेशाबाट कपडा उत्पादन, प्रोसेसिङ तथा पैकिङको सामान्य प्रक्रियाबाट निस्कने टुक्राटाक्री तथा बिग्रेका कपडा (फेन्टस् र र्‍यागस) प्रति किलोग्राम	रू.	७।–
(ख) छाङ प्रति लिटर	रू.	२।५०
(ग) चिम्नी भट्टा र कारखानामा उत्पादित ईंट प्रति हजार	रू.	१।–

८. मादक पदार्थ युक्त वा मादक पदार्थ रहित पेय पदार्थ, चुरोट, बिडी, सलाई, खैर कत्था, मदिरा, चामल, तेल, खाँडसारी, चिरान काठ, स्टेनलेस स्टिलका भाडा वर्तन, विद्युत सञ्चालित शेरिङ, वा बेण्डिङ मेशिन प्रयोग गरी स्टिल फर्निचर उत्पादन वा तयार गर्ने, घडी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्यालकुलेटर, रेडियो, क्यासेटहरू आसेम्बल गर्ने उद्योग, जीप फासनर बनाउने र हीरा कटिङ गर्ने उद्योगहरू बाहेक अन्य ग्रामीण तथा घरेलु उद्योगहरूबाट उत्पादित वस्तुहरूमा अन्त:शुल्क लाग्ने छैन। यस प्रयोजनको लागि ग्रामीण तथा घरेलु उद्योग भन्नाले घर जग्गा बाहेक औजार तथा उपकरणको भाग जोड गरी रु. २ लाखसम्मको स्थिर पूंजी लगानी भएका उद्योगहरूलाई लिइनेछ। यस अन्तर्गत नयाँ औजार तथा उपकरणको मूल्य उद्योग स्थापना गर्दाको समयमा प्रचलित बजार भाउमा हिसाब गरिनेछ। घरेलु तथा ग्रामीण उद्योगहरूसम्बन्धी वर्तमान अनुसूची खारेज गरिएको छ।

१५. अन्त.शुल्कमा अरू दरहरू यथावत कायम राखिएको छ। उपर्युक्त परिवर्तनबाट रू. १ करोड २० लाख थप राजश्व प्राप्त हुनेछ।

१६. विक्रीकरतर्फ सामानको किसिम हेरी हालसम्म ८ र १२ गरी दुइ किसिमबाट विक्रीकर लागी आएकोमा यसलाई अझै व्यावहारिक गराउन र खास गरेर साधारण जनताले उपभोग गर्ने अत्यावश्यक वस्तुहरूको दर कम गर्ने उद्देश्यले तुरुन्त लागू हुने गरी अनुसूची ६बमोजिम विक्रीकर लाग्ने वस्तुहरूलाई तीन समूहमा विभाजन गरी विक्रीकरको दर ५, १० तथा १५ प्रतिशत तोकिएको छ। आवश्यक तथा दैनिक उपभोगका वस्तु र घरायसी सामानहरू, शिक्षण सामग्रीहरू र निर्माणमा प्रयोग हुने मेशिनहरूलाई कम खर्चिलो गराउने उद्देश्यले यस्ता सामानमा ५ प्रतिशतका दरले मात्र विक्रीकर लगाएको छ भने सुविधाको लागि प्रयोग गरिने सामानमा १० प्रतिशत र अरू सामानमा १५ प्रतिशतका दरले विक्रीकर लगाएको छ। विक्रीकरको दरबन्दी अनुसूची ६ मा समावेश छ। विक्रीकरको परिवर्तनबाट रू. ५ करोड २० लाख थप राजश्व प्राप्त हुने अनुमान छ।

१७. धेरै वर्ष अघिदेखि तोकिएको सिनेमा हलहरूको अधिकतम र न्यूनतम प्रवेश शुल्कको दर हालसम्म कायमै रहिरहेको हुँदा सिनेमा हलहरूको सुधार र संभारको लागि हल मालिकहरूलाई प्रोत्साहित गर्न आगामी वर्षदेखि प्रवेश शुल्कमा ५० प्रतिशत बढाउन इजाजत दिने गरी मनोरञ्जन करको दरमा केही परिवर्तन गरेको छ। परिवर्तित मनोरञ्जन करको दर निम्न अनुसार हुनेछ।

रू. १। सम्मको प्रवेश शुल्कमा	१०० प्रतिशत
रू. १।०१ देखि रू. १।५० सम्मको प्रवेश शुल्कमा	१२५ "
रू. १।५१ देखि रू. २।– सम्मको "	१७५ "
रू. २।०१ देखि रू. ३।– " "	२५० "
रू. ३।०१ देखि माथिको प्रवेश शुल्कमा	३०० "

यस परिवर्तनबाट रू.५० लाख थप राजश्व प्राप्त हुने अनुमान छ।

१८. फिल्म डिष्ट्रिब्यूटर कर हालसम्म डिष्ट्रिब्यूटरले पाउने रकममा ४० प्रतिशतका दरले लगाई आएकोमा उक्त कर विदेशी डिष्ट्रिब्यूटरलाई लाग्ने भए तापनि अप्रत्यक्षरूपमा सोको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भार नेपाली डिष्ट्रिब्यूटर्स तथा सिनेमा प्रदर्शकहरूलाई पर्न सक्ने देखिएको हुँदा र नेपाली डिष्ट्रि-ब्यटर्स तथा सिनेमा प्रदर्शकहरूलाई आयकर लाग्ने नै भएकोले उक्त फिल्म डिष्ट्रिब्यूटर करको दर घटाई आगामी आर्थिक वर्षदेखि २५ प्रतिशत मात्र लगाइनेछ ।

१९. होटलहरूलाई कर लगाउँदा स्तरको आधारमा लगाउनु उचित हुने हुँदा यसतर्फ विचार गरी हालसम्म लागी आएको १० प्रतिशत करको सट्टा आजदेखि तारा भएको होटेलहरूबाट बिलको १२ प्रतिशतका दरले कर लगाइनेछ । यस बाहेकका अरू होटेलहरूको कर यथावत राखिएको छ । यसबाट रू. २५ लाख थप राजश्व आउने अनुमान गरेको छु ।

२०. अब म प्रत्यक्ष कर प्रस्ताव पेश गर्दछु । आयकरतर्फ आगामी वर्षको निमित्त व्यक्ति र दम्पत्ति वा परिवारको आयको छुटको सीमा र त्यसपछिको आयमा लाग्ने आयकरको दर यथावत राखेको छु । हालसम्म व्यक्ति, दम्पत्ति वा परिवार र फर्म, कम्पनी तथा संगठित संस्थाको साथै अस्थायी बासिन्दा गरी ३ समूहमा विभाजन गरिएकोमा औद्योगिक प्रवर्द्धनलाई नीतिगत रूपमा बढी प्रोत्साहन दिई आए तापनि हालसम्म उद्योग र व्यापारबाट हुने आयमा एकै दरबाट आयकर लगाई आएकोले व्यवहारमा उद्योग प्रवर्द्धनतर्फ कम आकर्षण भएको देखिएकोले उद्योगबाट हुने आयमा साबिकै बमोजिम कर लगाई कम्पनी तथा संगठित संस्थाको व्यापारिक आयमा भने साबिक बमोजिमको दरबन्दी अनुसार लाग्ने करको रकममा ५ प्रतिशत थप कर लगाइनेछ । तर स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूको उत्पादनको निकासी व्यापार गर्नेलाई यो थप ५ प्रतिशत कर लाग्ने छैन ।

२१. अस्थायी बासिन्दाको हकमा साबिकमा लागी आएको करको दर अनुसार लाग्ने रकममा ७ प्रतिशत थप गरी कर असूल उपर गरिनेछ ।

२२. घरेलु उद्योगको आयमा पनि व्यक्तिको आयको छुटको सीमा दिई आयकर निर्धारण गरिनेछ । पारिश्रमिकबाट प्राप्त हुने आयमा कुनै दम्पत्ति वा परिवारमा पति र पत्नी दुवैजना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरूको मुख्य स्रोत नै पारिश्रमिक आय रहेछ भने त्यस्तो पति वा पत्नीको आय व्यक्तिको आय सरह गरी छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ ।

२३. श्री ५ को सरकार, सरकारी संस्थानहरू र अन्य सार्वजनिक हितको काम गर्ने संस्थाहरूमा काम गर्ने कर्मचारीहरूले अवकाश प्राप्त गरेपछि पाउने उपदान तथा निवृत्ति भरणको रकममा आगामी वर्षदेखि आयकर लाग्ने छैन ।

उपर्युक्त परिवर्तनबाट आयकर असूलीमा रू. १ करोड ५० लाख वृद्धि हुने अनुमान गरिएको छ ।

२४. हाल लगाई आएको हवाई उडान कर निकै कम भएकोले आगामी वर्षदेखि यस्को दरमा केही वृद्धि गरेको छु जसअनुसार प्रति यात्रीलाई अन्तर्राष्ट्रिय उडानमा रू. १००। र आन्तरिक उडानमा रू. १५। लिइनेछ । हालसम्म १२ वर्षसम्मका यात्रीलाई उडान कर नलाग्ने गरी आएकोमा अब अन्तर्राष्ट्रिय प्रचलन अनुसार २ वर्षसम्मका यात्रीलाई मात्र यो कर नलाग्ने

४८५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको छ । श्री ५ को सरकारले तोकेको दुर्गम क्षेत्रमा भने आन्तरिक हवाई उडान कर लाग्ने छैन । यस परिवर्तनबाट रू. ६६ लाख राजश्व बढ्ने अनुमान छ ।

२५. बैङ्कको प्रशासकीय काममा समेत सरलता होस् भन्ने उद्देश्यले निक्षेप व्याजदरमा रहेको साबिकको स्लाव प्रणाली खारेज गरिएको छ । निक्षेप व्याजदरमा छुटको सीमा हटाई प्राप्त हुने कुल व्याजमा ५ प्रतिशत निक्षेप व्याजकर लगाइएको छ ।

२६. तर बैंक व्याज मात्र आय स्रोत भएको निक्षेपकर्तालाई कुनै किसिमको छुटको सीमा प्रदान नगर्दा सामाजिक दृष्टिले न्यायोचित नहुने देखिएकोले अन्य स्रोतबाट समेत गरी व्यक्तिको हकमा रू. ७,५००। र दम्पत्ति र परिवारवालाका हकमा रू. १०,०००। सम्म हुने आयमा कुनै कर नलाग्ने गरिएको छ । कुनै पनि निक्षेपकर्तालाई निजलाई कर नलाग्ने कुराको सूचना कर कार्यालयबाट प्राप्त भएमा सम्बन्धित बैङ्कबाटै कट्टा गरिएको निक्षेप व्याजकर फिर्ता गरिनेछ ।

२७. हालसम्म बैङ्कहरूले कर्जा दिंदा उक्त कर्जामा लगाई आएको कर्जाकर आगामी आर्थिक वर्षदेखि खारेज गरिएको छ ।

२८. भिडियो मेशिन तथा तत्सम्बन्धी उपकरणहरू राख्नेहरूले रू. १,०००। शुरू दस्तूर तिरी आगामी आर्थिक वर्षको पहिलो ३ महीनाभित्र कर कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उनीहरूले वार्षिक रू. १,००० दस्तूर तिरी प्रत्येक वर्ष नवीकरणसमेत गराउनु पर्नेछ । यस व्यवस्थाबाट थप रू. २ लाख राजश्व प्राप्त हुने अनुमान छ ।

२९. कर निर्धारण सम्बन्धी कामलाई सरल र स्पष्ट रूपमा व्यवस्था गर्न चालू आयकर ऐनमा संशोधन गर्ने प्रस्ताव गरिएको छ । प्रस्तावित ऐनका अन्य विशेषताहरूको अतिरिक्त रू. १ लाखसम्म दिएको चन्दा, जीवन बीमाबाट प्राप्त हुने क्षतिपूर्तिको रकम र उपदान तथा निबृत्ति भरणमा आयकर नलाग्ने व्यवस्था गरिनेछ ।

३०. आगामी आर्थिक वर्षको लागि मालपोतको दरमा कुनै परिवर्तन नगरी यथावत नै राखेको छु ।

३१. एक बिगाहासम्म जग्गा भएका जग्गावालाहरूलाई मालपोतमा ५० प्रतिशत छुट दिई आएकोमा आफ्नो जग्गाको आयस्ताबाट जीवन निर्वाह पनि मुश्किलले हुने अवस्थाका कृषकहरूसम्मलाई यस्तो सहुलियत विस्तार गरी छुटको प्रतिशतमा पनि बृद्धि गर्न आवश्यक महसूस भएको छ । नापी समाप्त भएका तराई क्षेत्रमा १.५ बिगाहा र पहाडी क्षेत्रमा २० रोपनीसम्म जग्गा हुने जग्गावालाहरूलाई आगामी आर्थिक वर्षमा तोकिएको मालपोतको दरमा ७५ प्रतिशत छुट दिने प्रस्ताव गरेको छु । त्यस्तै नापी पूरा नभएका पहाडी जिल्लाहरूमा पनि मालपोतको तोकिएको दरमा ७५ प्रतिशत छुट दिई २५ प्रतिशत मात्र मालपोत असूल गरिनेछ । यस व्यवस्थाबाट देशका करीब ७५ प्रतिशत जग्गावालालाई फाइदा पुग्नेछ तर राजस्वमा भने करीब रू. १ करोड ३२ लाखको कमी हुनेछ ।

३२. जग्गा (नाप-जाँच) ऐन २०१९ को छैठौं संशोधनबाट नापी भएको पहाडी क्षेत्रमा पाखो जग्गामा प्रति रोपनी ६ आना (३७.५ प्रतिशत) र खेत जग्गामा प्रतिरोपनी ४ आना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२५ प्रतिशत) जग्गाको दरले, ग्रालिकान्ला वापत क्षेत्रफल कट्टी गरिने व्यवस्था भएको हुँदा सोही ग्रनुरूप नापी भएको पहाडी क्षेत्रको जग्गामा लाग्ने मालपोत दरमा पाखोतर्फ प्रति रोपनी ३७.५ प्रतिशत र खेततर्फ प्रति रोपनी २५ प्रतिशतले कम गरी ग्रागामी ग्रार्थिक वर्षमा मालपोत ग्रसूल गरिनेछ ।

३३. शहरी क्षेत्र बाहेकको ग्रन्य क्षेत्रमा हालको बक्सपत्रमा र राजीनामाको लिखतमा रजिष्ट्रेशन दस्तूरको करीब समान दर तोकिएको हुँदा शहरी क्षेत्रको हालको बक्सपत्रमा पनि सो-क्षेत्रको राजीनामा सरह नै दस्तूर लाग्ने व्यवस्था मिलाई ग्रधिराज्यभर नै सम्वन्धित क्षेत्रको राजीनामा र हालको बक्सपत्रमा एउटै व्यवस्था गरी एकरूपता कायम गरेको छु ।

३४. शेषपछिको बक्सपत्रमा पनि हालको बक्सपत्र सरह दस्तूर लाग्ने व्यवस्था भएकोमा शेषपछिको बक्सपत्र तुरुन्तै उपयोग गर्न नपाउने र कुनै पनि समयमा बदर पनि हुन सक्ने हुँदा त्यस्तो बक्सपत्रमा रू. १००।– मात्र दस्तूर लिने व्यवस्था गरेको छु ।

३५. अंश बण्डा गरेको लिखत पास गर्दा रजिष्ट्रेशन दस्तूर बढी लिनु उपयुक्त नभएकोले हालको अंश बण्डाको लिखत पास गर्दा लाग्ने दस्तूरको दर ग्रनुसूची ८ मा उल्लेख गरे ग्रनुसार घटाउने प्रस्ताव गरेको छु ।

३६. जग्गा जमीनको स्रेस्ता ग्रद्यावधिक राख्न तथा खरीद गर्ने व्यक्तिलाई पछि समस्या नपरोस् भन्ने दृष्टिले जुन जिल्लाको घर जग्गा हो सोही जिल्लैमा लिखत पास नगरी ग्रन्य जिल्लामा लिखत पास गर्दा तोकिएको दरमा १ प्रतिशत दस्तूर थप लिने प्रस्ताव पनि गरेको छु ।

३७. सार्वजनिक, सामाजिक तथा धार्मिक संस्थाहरूलाई कसैले दान दातव्य गरिदिएको घर जग्गाको लिखत पास गर्दा लाग्ने दस्तूरमा श्री ५ को सरकारले छुट दिनसक्ने व्यवस्था पनि ग्रनुसूची ८ मा उल्लेख गरेको छु ।

३८. ग्ररू रजिष्ट्रेशन दस्तूरको दर यथावतै छ । माथिको परिवर्तनबाट राजस्वमा रू. १ करोड जति वृद्धि हुने ग्रनुमान छ ।

३९. ग्रामीण क्षेत्रको विकासको लागि ग्रान्तरिक साधन परिचालन गर्ने क्रममा हाम्रो जस्तो कृषिमा ग्राधारित ग्रर्थतन्त्र भएको देशमा कृषि क्षेत्रबाट नै साधन जुटाउनु पर्ने कुरामा दुईमत होला जस्तो लाग्दैन । तर यस सम्बन्धमा विगत ग्रनुभवहरूलाई पनि दृष्टिगत गरेर मात्र नयाँ व्यवस्थाबारे विचार गर्नु पर्ने हुन्छ । त्यसकारण, शुरूमा प्रयाससम्म गर्ने दृष्टिले, बढी से बढी जनसंलग्नता हुने गरी एकै पटक ठूलो ग्रार्थिक बोझ नपारी, कार्यान्वयन गर्न पनि सजिलो होस् भन्ने दृष्टिबाट जग्गामा लाग्ने मालपोतलाई नै ग्राधार मानी स्थानीय विकास शुल्कको रूपमा केही थप रकम संचालन गर्ने प्रस्ताव गरेको छु ।

४०. नापी समाप्त भई मालपोत ऐन लागू भएका ४१ जिल्लाहरूमा मालपोतको ५ प्रतिशतले थप गरी सो शुल्क ग्रसूल गरिनेछ । नापी समाप्त नभएका पहाडी ३४ जिल्लाहरूमा भने मालपोत तिर्नु पर्ने प्रत्येक जग्गावालासँग लाग्ने मालपोतमा एक रूपैयाँ थप शुल्कको रूपमा लिइनेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. यसरी संकलित गरिने स्थानीय विकास शुल्क जुन जिल्लाबाट जति असूल हुन्छ सोही जिल्लाको स्थानीय विकास कार्यको निमित्त मात्र नै खर्च हुने गरी श्री ५ को सरकारबाट उपलब्ध गराइनेछ । साथै हाल स्थानीय विकास कार्यको लागि श्री ५ को सरकारबाट दिइने अनुदान रकममा सो शुल्कबाट कुनै असर नपारी यथावत कायम राखिने कुरा पनि अवगत गराउन चाहन्छु । संकलन तथा सदुपयोगको प्रभावकारी व्यवस्था गरी असूल गरिने स्थानीय विकास शुल्कको रकमबाट ग्रामीण क्षेत्रको स्थानीय विकास कार्यमा योगदान हुनेछ भन्ने कुरामा माननीय सदस्यज्यूहरू मसँग सहमत हुनु हुनेछ भन्ने आशा छ ।

साथै यस चालू वर्षमा स्थगित राखेको पञ्चायत विकास तथा जग्गा कर कार्यक्रम पुनः लागू गर्ने माग कुनै जिल्लाबाट भै आएमा सो कार्यक्रम सो जिल्लामा लागू गरिएमा यस्ता जिल्लालाई स्थानीय विकाश शुल्क लाग्ने छैन ।

४२. पानीपोत असूलीको सम्बन्धमा– सिंचाईको सुविधा वास्तवमा उपयोग गरेको जमीनको कित्ता बालीपिच्छे छुट्टिने व्यवस्था गरी, मोही तथा जग्गावालाको समेत नाम अद्यावधिक गरी लगत तैयार गराइनेछ । सोही लगतको आधारमा, क्षेत्रमा नै रहेको सम्बन्धित सिंचाई आयोजनाको कार्यालयमार्फत नै पानीपोत असूलीको व्यवस्था मिलाइनेछ । साथै प्रभावकारी रूपले असूल गर्ने नियममा पनि आवश्यक सुधार गरिनेछ ।

४३. अब गैर करबाट उठ्ने राजश्व सम्बन्धी प्रस्ताव प्रस्तुत गर्दछु । दस्तूर, दण्ड, जरीवाना र जफत शीर्षक अन्तर्गत प्राप्त हुने विभिन्न दस्तूरहरूको दर परिवर्तन गर्न आवश्यक भएकोले सो दरमा पनि केही परिवर्तन गरिनेछ । यसबाट रू. ४७ लाख थप राजश्व प्राप्त हुने अनुमान छ। यसमा गरिने परिवर्तन अनुसूची (क) मा समावेश गरेको छु।.

४४. हुलाक सेवा वापत लिइने विभिन्न महसूल दरमा पनि आगामी श्रावण १ गतेदेखि लागू हुने गरी परिवर्तन गरिनेछ । यसबाट रू. ६० लाख थप राजश्व प्राप्त हुने अनुमान छ । परिवर्तित महसूलदर अनुसूची (ख) मा समावेश छ ।

४५. यातायात क्षेत्रतर्फ रोड पर्मिटबाट लिइने दस्तूरमा आगामी श्रावण १ गतेदेखि गरिने परिवर्तनबाट रू. ११ लाख राजश्व थप आउने अनुमान गरेको छु । परिवर्तन गरिएको दर अनुसूची (ग) मा संलग्न गरेको छु ।

४६. अन्तर्राष्ट्रिय विमानस्थलको संचालन र त्यसका विभिन्न सेवा क्षेत्रहरूको संभार निकै खर्चिलो हुन्छ । तर त्रिभुवन बिमानस्थलमा विभिन्न शुल्कहरूको प्रचलित दर त्यस क्षेत्रमा प्राप्त सुविधाको संभार खर्चको अनुपातमा ज्यादै कम देखिएकोले आगामी श्रावण १ गतेदेखि हवाई जहाज अवतरण दस्तूर, कोठा बहाल, हैंगर दस्तूर, एयरनेभिगेसन दस्तूर, कार्गोभाडा, कार पार्किङ्ग तथा आगन्तुक शुल्क र इन्धन भरे वापतको शुल्कमा समेत बृद्धि गरिनेछ । यसबाट रू. ७४ लाख थप राजश्व प्राप्त हुने अनुमान छ । यस सम्बन्धी परिवर्तित दर अनुसूची (घ) मा समावेश गरिएको छ ।

४७. पासपोर्ट र भिसा दिंदा लिने गरेको र भिसाको म्याद थप गर्दा लिने गरेको दस्तूरमा समेत आगामी श्रावण १ गतेदेखि लागू हुने गरी गरिने बृद्धिबाट थप रू. १ करोड ५२ लाख ६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हजार राजश्व प्राप्त हुनेछ। पासपोर्ट, भिसा र भिसा म्याद थपमा लागू हुने नयाँ दर अनुसूची (ङ) मा संलग्न छ।

४८. उत्पादनको आधारमा खानी रोयल्टी लिने नयाँ व्यवस्थाबाट रू. ५ लाख प्राप्त हुने अनुमान गरेको छु र रेडियो नेपालद्वारा संचालित विज्ञापन सेवा सम्बन्धी शुल्कमा गरिने परिवर्तनबाट थप रू. ८ लाख आउने अनुमान गरेको छु।

४९. नेपालको वन सम्पदाको उत्पादनलाई संरक्षण र सुनियोजित ढंगबाट उपयोग गरेमा राजश्वमा पनि यसले राम्रो योगदान दिनेछ। यसै परिप्रेक्षमा आर्थिक वर्षमा काठ र दाउराको उपलब्धि, बिक्री र निकासी समेतमा मिलाइने समुचित व्यवस्थाबाट राजश्वमा थप रू. ५ करोड ६५ लाख प्राप्त हुने अनुमान छ।

५०. बाँकी अरू सबै प्रत्यक्ष र अप्रत्यक्ष करहरू साबिक सरह यथावत राखेको छु। यसप्रकार आउँदो आर्थिक वर्षमा वर्तमान व्यवस्थाबाट रू. २ अरब १७ करोड ७८ लाख ६० हजार र नयाँ कर तथा गैर कर प्रस्तावबाट रू. २३ करोड ६४ लाख थप हुन गै कूल राजश्व रू. २ अरब ४१ करोड ४२ लाख ६० हजार पुग्ने अनुमान छ।

५१. अब, माथि मैले न्यून देखाएको रू. ६४ करोड १८ लाख ५५ हजारमा खूद न्यून हुने रकम रू. ४० करोड ५४ लाख ५५ हजार मात्र हुन आउँछ। यो रकममध्ये आन्तरिक ऋणबाट रू. २५ करोड उठाई बाँकी हुन आउने खूद न्यून रू. १५ करोड ५४ लाख ५५ हजार राजश्वबाट उठ्न नसके नगद मौज्दातबाट खर्च बेहोर्ने प्रस्ताव गरेको छु।

५२. केही वर्ष यतादेखि बढ्दै गएको महँगीको कारणले गर्दा स्थिर आयका कर्मचारीलाई जीवन धान्न मुस्कील भएको कुरा माननीय सदस्यहरूलाई अवगत नै छ। साथै सामान्य जनता समेत त्यस प्रकारको महँगीको मारमा परिरहेकै छन्। यी सबै कुरालाई विचार गर्दा कर्मचारी-हरूलाई तलब वा भत्ता थप्नुभन्दा उनीहरूको दैनिक उपभोगका केही वस्तुहरू सुपथ तथा स्थिर मूल्यमा अविच्छिन्न रूपले दिन सकेमा बढी सहायक हुने र त्यसबाट केही न केही रूपमा त्यस्ता वस्तुहरूको माग घट्न गै बजार भाउमा पर्ने चाप समेत केही मात्रामा कमी हुन सक्ने भै जनसाधारणलाई समेत केही फाइदा पुग्न जाने हुन्छ। तसर्थ आगामी आर्थिक वर्षदेखि श्री ५ को सरकारको निजामती, शाही सेना र प्रहरी कर्मचारीहरूलाई समेत सुपथ मूल्यमा चामल, दाल, तेल र चिनी उपलब्ध गराउन आवश्यक प्रबन्ध मिलाइनेछ। यसरी व्यवस्था गर्दा निजामती शाही सेना र प्रहरी कर्मचारीहरूमध्ये सरकारी राशन अथवा राशन भत्ता पाउनेहरूलाई परिवारका २ सदस्यसम्मलाई र अरू कर्मचारीहरूको हकमा कर्मचारी समेत ३ जनालाई पुग्ने हिसाबले उक्त वस्तुहरू सुपथ मोलमा उपलब्ध गराइनेछ। यसबाट कर्मचारीहरूलाई अहिलेको बढ्दो विश्व महंगीको सन्दर्भमा पर्याप्त छ भन्न सकिन्न तापनि हाम्रो साधनले भ्याएसम्म गरिएको यस व्यवस्थाबाट उनीहरूलाई केही मात्रामा राहत मिल्नेछ भन्ने मलाई लागेको छ। श्री ५ को सरकारको सबै तहका कर्मचारीहरूलाई उपर्युक्त व्यवस्था गरिने भएकोले हाल राजपत्र अनङ्कित कर्मचारीहरूलाई चामल भत्ता वापत रू. १८।– का दरले दिई आएको रकम आगामी श्रावण १ गतदेखि दिइने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३. महंगीको बढ्दो प्रवृत्ति र कर्मचारीहरूले आफ्नो तलबबाट बचत गर्न सक्ने सम्भावनाको अभावले गर्दा उनीहरूलाई दशैं जस्तो राष्ट्रिय चाड मनाउन कठिनाई नपरोस् भन्ने उद्देश्यले आगामी आर्थिक वर्षमा सबै सरकारी कर्मचारीहरूलाई उनीहरूले खाई पाई आएको तलब बराबरको रकम दशैं खर्च वापत अलग्गै दिइनेछ ।

५४. चालू आर्थिक वर्षमा सरकारी कर्मचारीहरूलाई दिइएको दशैं पेश्की पनि मिह्ना गरिएको छ ।

५५. कर्मचारीहरूले कर्मचारी संचय कोषबाट सापटी लिएको रकममा तिर्नु पर्ने व्याज आगामी आर्थिक वर्षदेखि उनीहरूले जम्मा गरेको रकम बापत कोषले दिने व्याजबाट कट्टा गराउन चाहेमा कट्टा गरिदिने र त्यसबाट पनि कर्मचारीले पाउने व्याजको रकम बाँकी रहेमा ऋणको साँवामा नै कट्टा गरिदिने व्यवस्था मिलाइनेछ ।

५६. विकासको क्रममा हाम्रो देशमा राजश्व प्रशासन निकै गहन र जिम्मेवारीपूर्ण हुँदै गएको छ। साथै यसका नयाँ प्रविधिहरू पनि विकसित हुँदै आएका छन्। त्यसकारण हाम्रा कर्मचारीहरूलाई पनि त्यस दिशातर्फ प्रवृत्त गराउनु पर्ने भैसकेको हुंदा यसमा अपनाइने प्रशासकीय व्यवस्थाहरू सुधार गर्नेतर्फ कदम चालिनेछ । राजश्व प्रशासनका कर्मचारीहरूको कार्य दक्षता र विषयगत ज्ञान बढाउन तत्सम्बन्धी तालीम दिनको लागि राजश्व प्रशासन तालीम केन्द्रको नामले एउटा तालीम केन्द्रको स्थापना गरिनेछ। अर्थ मन्त्रालय तथा यस अन्तर्गतका विभाग एवं कार्यालयहरूमा काम गर्ने सबै कर्मचारीहरूको तालीमको आवश्यकता यस केन्द्रले पूरा गर्नेछ र यसबाट राजश्वका कर्मचारीहरू र करदाताहरूका बीच आपसी समझदारीको वातावरण बढ्दै जानेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५

१. अध्यक्ष महोदय, मैले शुरूमा नै आउँदो वर्षको बजेट बनाउँदा केही आधारभूत कुराहरूको चर्चा गरेको थिएँ। वास्तवमा देशको आर्थिक र सामाजिक विकासको मूलभूत उद्देश्य सर्वसाधारण जनताको न्यूनतम आवश्यकताहरूको पूर्ति गर्नमा केन्द्रित हुने भएको र यिनको प्राप्तिमा बजेट र कार्यक्रम एक महत्वपूर्ण साधन हुन्। मले प्रस्तुत गरेको बजेटमा यस्ता दृष्टि कोण राखिएको छ। मुलुकमा विद्यमान कठिन आर्थिक परिस्थितिहरूलाई दृष्टिगत गरी भावी आर्थिक र मौद्रिक नीति बारे संकेत दिएको छु। तर बजेटका अन्तर्निहित सिद्धान्तहरू जतिसुकै गहकिला र अर्थपूर्ण भए तापनि अन्ततोगत्वा कार्यक्रमहरूको प्रभावकारी ढङ्गबाट सञ्चालन नभएसम्म जनता प्रत्यक्षरूपले लाभान्वित हुन सक्दैन, यो सत्यतालाई हामीले हृदयङ्गम गर्नु परेको छ। विगत वर्षका अनुभवहरूले पनि हामीलाई यस बारे सचेत रहन बाध्य गराएको छ।

२. अध्यक्ष महोदय, देशको वर्तमान आर्थिक स्थिति, हाम्रा समस्या तथा आकांक्षाहरूलाई मनन गरी मैले आगामी वर्षको आर्थिक नीति तथा विकास कार्यक्रमहरू प्रतिपादन गरेको छु। रोजगारी प्रदान गरी जनताको क्रय शक्ति बढाई अन्य आधारभूत सुविधाहरू उपलब्ध गराई सर्वसाधारण जनताको जीवनस्तर उठाउनेतर्फ आर्थिक नीति तथा आगामी वर्षको कार्यक्रम परिलक्षित भएको कुरा मैले माथि उल्लेख गरिसकेको छु। यस सन्दर्भमा आगामी वर्षको लागि स्थानीय विकास अनुदान तथा श्री ५ को सरकारबाट सञ्चालन हुने ग्रामीण विकास आयोजनाहरूमा करीब रू. २९ करोड लगानी हुने कुरा मैले माथि उल्लेख गरी सकेको छु। हाम्रो आवश्यकताहरूको दाँजोमा निश्चय नै यो रकम ज्यादै कम छ। खास गरी हालसम्म सञ्चालन भई आएका योजनाहरूको आवश्यकता पूर्ति गर्नमा नै ठूलो रकमको आवश्यकता भएबाट आगामी वर्ष जनसाधारणको जीवनस्तर उठाउने खालका आयोजनाहरूमा चाहे जति रकम जुटाउन सम्भव भएन तथापि विगत वर्षहरूको दाँजोमा यो रकम निकै बढी छ।

३. चालू आर्थिक वर्षमा यी कार्यक्रमहरूमा आवश्यक रकम जुटाउन नसकिएको भए तापनि विगत वर्षहरूको प्रवाहलाई मोडी बढी विकास खर्चलाई जनमुखी बनाउनेतर्फ ठोस उपलब्धि हुन सकेको छ र आगामी एक दुई वर्षभित्र नै यस क्षेत्रतर्फ निकै परिमाणमा विकास खर्च प्रवाह गर्न सकिन्छ भन्ने कुरामा म विश्वस्त छु। एकातिर प्रत्यक्ष रूपले श्री ५ को सरकारको विकास खर्चको बनावटमा नै परिवर्तन ल्याई जनजीवनलाई उठाउने प्रयास भएको छ भने अर्कोतिर श्री ५ को सरकारको वित्तीय नीति तथा अन्य नीतिको माध्यमबाट पनि उपरोक्त उद्देश्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गर्ने कोशिश गरिएको छ। यी विभिन्न नीतिहरूको आफ्नै विशेषताहरू छन्। तथापि श्री ५ को सरकारको देश विकासको जिम्मेवारी बढ्दै गएको हुँदा खासगरी विकास खर्चको बनावटमा नै मूलभूत सुधार हुनु आवश्यक छ। तसर्थ आगामी वर्षहरूमा जनसहभागिताको आधारमा बढ्दो मात्रामा विकास खर्चलाई जनमुखी बनाउनुको साथै वित्तीय तथा अन्य नीतिबाट विकासको लागि अनुकूल वातावरण सृजना गर्नेतर्फ जोड दिइनेछ।

४. विकास सम्बन्धी कुनै पनि नीतिमा कृषि क्षेत्रले प्राथमिकता पाउनु स्वाभाविक नै हो। आउँदो छैठौं योजनामा निर्दिष्ट नीति अनुसार कृषि क्षेत्रमा उत्पादन बढाउन नयाँ कार्यक्रमहरूको पनि मैले चर्चा गरें। मलाई विश्वास छ आगामी वर्षमा हामी यसमा केही निश्चित लक्ष्य प्राप्त गर्न सक्षम हुनेछौं। विकासको प्रक्रियालाई विकेन्द्रीकरण गरी स्थानीय पञ्चायतहरूलाई यसमा बढी भन्दा बढी मात्रामा सरीक गराइनेछ, यसबाट योजनाहरू बढी व्यावहारिक हुनुको अतिरिक्त कार्यान्वयन पक्ष पनि सुदृढ हुन जानेछ। त्यस्तै औद्योगिक र वैदेशिक व्यापारको क्षेत्रमा पनि प्रस्तावित कदमहरूको प्रभावकारी ढङ्गबाट कार्यान्वयन भएमा आर्थिक स्थितिमा अवश्य पनि सुधारका लक्षण देखा पर्न जाने छन्।

५. देशको हर क्षेत्रको विकासको लागि अनुकूल वातावरणको ठूलो महत्व छ। तसर्थ विभिन्न क्षेत्रको आवश्यकतालाई हेरी अनुकूल वातावरण सृजना गर्ने दृष्टिबाट वित्तीय, मौद्रिक, उद्योग तथा व्यापार नीतिहरू प्रतिपादन गरिएको छ। उद्योग तथा व्यापारमा निजी क्षेत्रको महत्वलाई हेरी यस क्षेत्रको विकासको लागि आवश्यक वातावरण सृजना गरी सरकारी क्षेत्रसँग समन्वयात्मक रूपले विकास गर्ने नीति अपनाइएको छ र आगामी वर्षहरूमा हाल भएका व्यवस्थाहरूमा पनि सुधार गरिनेछ।

६. श्री ५ को सरकारको वित्तीय नीतिले अर्थ व्यवस्थाको हर क्षेत्रमा प्रभाव पार्दछ। विकास कार्यक्रमको अतिरिक्त राष्ट्रिय आय वितरणको लक्ष्य हासिल गर्न र उद्योग तथा व्यापार क्षेत्रको विकासमा यसको ठूलो भूमिका रहन्छ। यिनै तथ्यहरूलाई ध्यानमा राखी आगामी वर्षको वित्तीय नीति प्रतिपादन भएको छ। खासगरी जनसाधारणलाई सहुलियत पुऱ्याउने, मूल्य स्थिति बिग्रन नदिने, साना किसान तथा देशको घरेलु तथा ग्रामीण उद्योगको विकास गर्ने, उद्योगतर्फ निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा स्वस्थ व्यापारको विकास गर्ने उद्देश्यले आगामी वर्षको वित्तीय नीति प्रतिपादन भएको छ। यस्तै गरी अन्य नीतिहरूलाई पनि आगामी आर्थिक वर्षको लागि अपनाइएको मूलभूत उद्देश्यतर्फ परिलक्षित गरिएको छ।

७. साधनको कमी र भौगोलिक बाध्यताको कारणबाट उत्पन्न परिस्थितिहरूमा मुलुकमा हालसम्म खडा गरिएका विकासका पूर्वाधारहरूको अधिकतम उपयोग गरेर विकासको प्रक्रियालाई गति प्रदान गर्नु नै आज हाम्रो समक्ष ठूलो हाँक छ। साधन अवरोधहरूको वावजूद पनि सुनियोजित र अनुशासित ढङ्गले दृढ पाइला चाल्न सक्यौं भने हामी कुनै पनि आर्थिक चुनौतिको सामना गर्न सक्षम हुनेछौं। यस कुराको विश्वास म यस सदनलाई दिलाउन चाहन्छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. अध्यक्ष महोदय, खासगरी छोटकरीमा भन्ने हो भने मैले आगामी वर्षको लागि प्रस्तुत गरेको बजेटले विकासको लागि अनुकूल वातावरण सृजना गर्नुको साथै अर्थ व्यवस्थालाई आवश्यक दिशातिर लैजान खोजेको छ ।

९. अध्यक्ष महोदय, अन्तमा आजको विश्वको बदलिंदो परिस्थितिको सन्दर्भमा आर्थिक कार्यक्रम र गतिविधिहरूको बाह्य कारणहरूबाट पनि निकै प्रभावित हुने भएकोले यी बाध्यताहरूलाई सदैव दृष्टिगत राख्नु आवश्यक हुन आउँदछ । विकास एक निरन्तर चलि-रहने प्रक्रिया भएकोले यसमा समयको माग अनुसार परिवर्तन गरिरहनु पर्ने आवश्यकता छ तापनि बृहत्तर राष्ट्रिय हितको परिप्रेक्षमा हाम्रा सम्पूर्ण क्रियाकलाप स्वयं निर्दिष्ट हुन्छन् । यसबारे दुई मत हुन सक्दैन । श्री ५ महाराजाधिराज सरकारबाट हामीलाई विकास अभियानमा ठूलो प्रेरणा र हौसला बक्सिएको छ । देशको समानुपातिक ढङ्गले विकास होस् र सबैले विकासको फल समानरूपले भोग्न सकून् भन्ने मौसूफ सरकारको सदिच्छालाई साकार पार्न हामीले अझ ठूलो प्रयास र आत्मबलिदानको भावना देखाउनु परेको छ । हाम्रो बाटो लामो र कठिन छ, तर आपसी समझदारी र विश्वासको वातावरणमा हामी अवश्य सफल हुनेछौं । जनमत पछि हाम्रो हौसला बढेको छ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आय व्ययको संक्षिप्त विवरण

रू. हजारमा

२०३५।३६ को यथार्थ	विवरण	२०३६।३७ को संशोधित अनुमान	२०३७।३८ को अनुमान
३,०२,०४,८५	कुल खर्च	३,५४,२१,४०	४,८६,८०,९७
१,०४,१६,६९	साधारण तर्फ	१,१९,५५,१८	१,४५,४१,७७
१,९७,८८,१६	विकास तर्फ	२,३४,६६,२२	३,४१,३९,२०
	खर्च व्यहोर्ने स्रोतहरू		
१,८१,१९,१४	राजस्वबाट	१,७४,७६,००	२,४१,४२,९०
	आयको वर्तमान स्रोतबाट		२,१७,७८,९०
	कर प्रस्तावबाट		१४,२५,४०
	गैर कर प्रस्तावबाट		९,३८,६०
५९,९२,१६	विदेशी सहायता	७९,२१,७५	१,०४,९३,६१
४५,७२,६८	द्वि पक्षीय	६५,९९,४०	८२,५२,९९
१४,१९,४८	बहु पक्षीय	१३,२२,३५	२२,४०,६२
−६०,९३,५५,	बचत (+) वा न्यून (−)	−१,००,२३,६५	−१,४०,४४,४६
	न्यून पूर्ति गर्ने स्रोतहरू		
३९,०१,८०	विदेशी ऋण	५७,१६,२३	९९,८९,९१
८,१४,७५	द्वि पक्षीय	१४,३०,००	१७,९१,४९
३०,८७,०५	बहु पक्षीय	४२,८६,२३	८१,९८,४२
२०,००,००	आन्तरिक ऋण	१८,००,००	२५,००,००
१,९१,७५	नगद मौज्दात (बचत−)	२५,०७,४२	१५,५४,५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजस्व अनुदान
२०३७।३८

रू. हजारमा

संकेत संख्या	शीर्षक	उप-शीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तन बाट	जम्मा
		कुल जम्मा	२,१७,७८,६०	२३,६४,००	२,४१,४२,६२
१.१.१.०	भन्सार महसूल		६६,४८,५३	४,७१,४०	७१,१९,९३
१.१.१.१		पैठारीबाट	५५,६९,७७	४,६८,४०	६०,३८,१७
१.१.१.२		निकासीबाट	७,८३,४९	३,००	७,८६,४९
१.१.१.३		भारतीय अन्तः शुल्क फिर्ता	२,९०,००	×	२,९०,००
१.१.१.४		भन्सारको अन्य आय	५,२७	×	५,२७
१.१.२.०	वस्तु तथा सेवाको उत्पादन तथा उप-भोगमा लाग्ने कर		७०,२१,१९	७,९५,००	७८,१६,१९
१.१.२.१		औद्योगिक उत्पादनमा अन्तःशुल्क	२१,९७,१९	१,२०,००	२३,१७,१९
१.१.२.२		मद्भट्टी ठेक्का रकम	२४,००	×	२४,००
१.१.२.३		बिक्री कर	४२,००,००	५,२०,००	४७,२०,००
१.१.२.४		मनोरञ्जन कर	१,१०,००	५०,००	१,६०,००
१.१.२.६		होटेल कर	१,४०,००	२५,००	१,६५,००
१.१.२.७		हवाई उडान कर	१,००,००	८०,००	१,८०,००
१.१.२.८		ठेक्का कर	२,५०,००	×	२,५०,००
१.१.३.०	मालपोत तथा रजिष्ट्रेशन		१६,५०,५२	६,००	१६,५६,५२
१.१.३.१		माल तथा मालपोत कार्यालयबाट उठाइने	८,५५,५२	−१,३२,००	७,२३,५२
१.१.३.२		पञ्चायत विकास तथा जग्गा कर (बक्यौता)	२५,००	×	२५,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

संकेत संख्या	शीर्षक	उप-शीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तनबाट	जम्मा
१.१.३.३		घर जग्गा रजिष्ट्रेशन दस्तूर	७,७०,००	१,००,००	८,७०,००
१.१.३.४		स्थानीय विकास शुल्क	×	४१,००	४१,००
१.१.४.०	आय, नाफा र सम्पत्ति कर		२१,६०,००	१,५०,००	२३,१०,००
१.१.४.१		आयकर-सरकारी क्षेत्र	४,०५,००	×	४,०५,००
१.१.४.२		आयकर-अर्ध सरकारी क्षेत्र	१,२५,००	×	१,२५,००
१.१.४.३		आय कर–सार्वजनिक क्षेत्र	८५,००	×	८५,००
१.१.४.४		आय कर–निजी क्षेत्र	१२,२०,००	१,५०,००	१३,७०,००
१.१.४.५		आय कर–पारिश्रमिक	७५,००	×	७५,००
१.१.४.७		शहरी क्षेत्र घर जग्गा कर	८५,००	×	८५,००
१.१.४.८		सवारी साधन कर	२०,००	×	२०,००
१.१.४.९		कर्जाकर	६०,००	×	६०,००
१.१.४.९ (क)		ब्याजकर	५५,००	×	५५,००
१.१.५.०	दस्तूर, दण्ड जरीवाना र जफत		३,५८,५२	४७,७०	४,०६,२२
१.१.५.१		फर्म रजिष्ट्रेशन दस्तूर	१६,७६	४,७३	२१,४९
१.१.५.२		एजेन्सी रजिष्ट्रेशन दस्तूर	१,३८	२७	१,६५
१.१.५.३		बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर	४,०८	२,००	६,०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

संकेत संख्या	शीर्षक	उप-शीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तन बाट	जम्मा
१.१.५.४		सवारी इजाजत दस्तूर	२४,३०	६,७०	३१,००
१.१.५.५		न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत	८३,००	×	८३,००
१.१.५.६		प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत	२,२९,००	३४,००	२,६३,००
१.१.६.०	सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय		१५,९७,९९	८,७८,९०	२४,७६,८९
१.१.६.१		पिउने पानी महसूल	६,६०	×	६,६०
१.१.६.२		पानीपोत	१५,००	×	१५,००
१.१.६.३		विद्युत् महसूल	३४,१८	×	३४,१८
१.१.६.४		हुलाक सेवा	१,९९,००	६०,००	२,५९,००
१.१.६.५		खाद्य कृषि क्षेत्रको आय	६६,०९	×	६६,०९
१.१.६.६		शिक्षा क्षेत्रको आय	४५,६१	×	४५,६१
१.१.६.७		वन क्षेत्रको आय	८,२१,९३	५,६५,००	१३,८६,९३
१.१.६.८		यातायात क्षेत्रको आय	१,६८,०४	८५,००	२,५३,०४
१.१.६.९		अन्य सरकारी क्षेत्रको आय	२,४१,५४	१,६८,९०	४,१०,४४
१.१.७.०	लाभांश		१०,०२,०५	×	१०,०२,०५
१.१.७.१		वित्तीय संस्था	९,५१,०५	×	९,५१,०५
१.१.७.२		व्यापारिक संस्था	६,००	×	६,००
१.१.७.३		औद्योगिक संस्था	४०,००	×	४०,००
१.१.७.४		सेवामूलक संस्था	५,००	×	५,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

संकेत संख्या	शीर्षक	उप-शीर्षक	वर्तमान स्रोतबाट	कर परिवर्तन बाट	जम्मा
१.१.८.० रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री			८५,५२	१२,००	९७,५२
१.१.८.१		खानी रोयल्टी	१३,८५	५,००	१८,८५
१.१.८.२		विद्युत् रोयल्टी	१५,००	×	१५,००
१.१.८.३		अन्य रोयल्टी	१४,७८	७,००	२१,७८
१.१.८.४		अन्य बिक्री	४१,८६	×	४१,८६
१.१.८.०(क) टकमरी तथा टकसारको अन्य आय			२,४९,००	×	२,४९,००
१.१.८.५		टकमरी	२,३७,००	×	२,३७,००
१.१.८.६		टकसारको अन्य आय	१२,००	×	१२,००
१.१.९.० सांवा र व्याज			७,४०,५८	×	७,४०,५८
१.१.९.१		सांवा-कम्पनी र संस्थानहरूबाट	३,३९,०२	×	३,३९,०२
१.१.९.२		व्याज कम्पनी र संस्थानहरूबाट	३,८०,२३	×	३,८०,२३
१.१.९.३		अन्य साँवा र व्याज	२१,३३	×	२१,३३
१.१.९.० (क) विविध आय			२,६५,००	×	२,६५,००
१.१.९.४		विविध आय	२,६५,००	×	२,६५,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्ष २०३५।३६ को यथार्थ र २०३६।३७ को संशोधित अनुमान (राजस्व)

रू. हजारमा

संकेत संख्या	शीर्षक	उप- शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान
		कुल जम्मा	१,८१,१९,१४	१,७४,७६,००
१.१.१.०	भन्सार महसूल		६२,६७,१४	५६,७८,९५
१.१.१.१		पैठारीबाट	५३,५७,६२	४७,५६,३२
१.१.१.२		निकासीबाट	५,४३,९७	६,५४,९०
१.१.१.३		भारतीय अन्त:शुल्क फिर्ता	३,५९,५५	२,६२,९४
१.१.१.४		भन्सारको अन्य आय	६,००	४,७९
१.१.२.०	वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर		६१,४२,०६	६३,७१,२०
१.१.२.१		औद्योगिक उत्पादनमा अन्त:शुल्क	१७,०६,०२	१९,९१,२०
१.१.२.२		मद्भट्टी ठेक्का रकम	२,२०,२४	५०,००
१.१.२.३		बिक्री कर	३५,६७,७२	३८,२०,००
१.१.२.४		मनोरञ्जन कर	९७,६६	१,०५,००
१.१.२.५		सवारी कर	१,७२,८८	×
१.१.२.६		होटेल कर	१,३९,९०	१,३०,००
१.१.२.७		हवाई उडान कर	७०,६५	८५,००
१.१.२.८		ठेक्का कर	१,६६,९९	१,९०,००
१.१.३.०	मालपोत तथा रजिष्ट्रेशन		११,४९,६३	१२,५३,००
१.१.३.१		माल तथा मालपोत कार्यालयबाट उठाइने	५,४६,१९	५,७३,००
१.१.३.२		पञ्चायत विकास तथा जग्गाकर (बक्यौता)	४६,८९	८०,००
१.१.३.३		घर जग्गा रजिष्ट्रेशन दस्तूर	५,५६,५५	६,००,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

संख्या संकेत	शीर्षक	उप-शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान
१.१.४.०	आय, नाफा र सम्पत्ति कर		१२,०६,५१	६,८८,००
१.१.४.१		आयकर-सरकारी क्षेत्र	२,६६,५४	२,८०,००
१.१.४.२		आय कर-अर्ध सरकारी क्षेत्र	५२,२५	४५,००
१.१.४.३		आय कर-सार्वजनिक क्षेत्र	६,१५	३७,००
१.१.४.४		आय कर-निजी क्षेत्र	६,१४,३८	३,८८,००
१.१.४.५		आय कर- पारिश्रमिक	८४,६४	५०,००
१.१.४.६		घर बहाल कर	२७,८६	५,००
१.१.४.७		शहरी क्षेत्र घर जग्गा कर	६१,२३	४८,००
१.१.४.८		सवारी साधन कर	२६,४२	१६,००
१.१.४.९		कर्जाकर	५२,७६	७१,००
१.१.४.९ (क)		व्याज कर	१०,६२	४५,००
१.१.५.०	दस्तूर, दण्ड जरीवाना र जफत		४,४३,५३	२,७७,६२
१.१.५.१		फर्म रजिष्ट्रेशन दस्तूर	१३,४२	१४,३३
१.१.५.२		एजेन्सी रजिष्ट्रेशन दस्तूर	८३	१,२५
१.१.५.३		बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर	३,२६	३,७१
१.१.५.४		सवारी इजाजत दस्तूर	१६,०४	२०,३६
१.१.५.५		न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत	७४,२४	५६,१७
१.१.५.६		प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत	३,३५,७१	१,८१,८०
१.१.६.०	सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय		१४,१६,६४	१२,५७,३४
१.१.६.१		पिउने पानी महसूल	५,८६	६,००
१.१.६.२		पानी पोत	६,६४	५,६६
१.१.६.३		विद्युत् महसूल	४२,२५	१७,०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

संकेत संख्या	शीर्षक	उप-शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान
१.१.६.४		हुलाक सेवा	१,९२,८९	१,९५,३१
१.१.६.५		खाद्य कृषि क्षेत्रको आय	५१,९८	५०,९९
१.१.६.६		शिक्षा क्षेत्रको आय	१,४९	३६,९१
१.१.६.७		वन क्षेत्रको आय	८,२७,०३	६,२९,०३
१.१.६.८		यातायात क्षेत्रको आय	६०,३०	१,२५,४९
१.१.६.९		अन्य सरकारी क्षेत्रको आय	२,२८,१७	१,९०,५६
१.१.७.०	लाभांश		६,८८,८०	८,०१,७४
१.१.७.१		वितीय संस्था	६,६६,३३	७,७०,९२
१.१.७.२		व्यापारिक संस्था	१३,११	९,४८
१.१.७.३		औद्योगिक संस्था	९,३६	२०,३४
१.१.७.४		सेवा मूलक संस्था	×	१,००
१.१.८.०	रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री		८६,६३	६५,३६
१.१.८.१		खानी रोयल्टी	१६,००	१२५९
१.१.८.२		विद्युत् रोयल्टी	१४,५१	१,२५
१.१.८.३		अन्य रोयल्टी	११,४५	१३,४४
१.१.८.४		अन्य बिक्री	४४,६७	३८,०८
१.१.८.०	(क) टकमरी तथा टक्सारको अन्य आय		१,४०,००	१,५४,००
१.१.८.७		टकमरी	१,३१,५९	१,५०,००
१.१.८.८		टक्सारको अन्य आय	८,४१	४,००
१.१.९.०	साँवा र व्याज		३,१६,४५	४,१४,५६
१.१.९.१		साँवा-कम्पनी र संस्थानहरूबाट	२,०२,६५	२,८७,९५
१.१.९.२		व्याज-कम्पनी र संस्थानहरूबाट	९९,०८	१,१०,४५
१.१.९.३		अन्य साँवा र व्याज	१४,७२	१६,१६
१.१.९.०	(क) विविध आय		२,५८,४५	२,१४,२३
१.१.९.४		विविध आय	२,५८,४५	२,१४,२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यय अनुमान

(साधारण वजेट)

रू. हजारमा

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान	२०३७।३८ को अनुमान
१ संवैधानिक अङ्ग	१–१	श्री ५ महाराजाधिराज तथा राजपरिवार	७६,३५	९८,७७	९७,४२
	१–२	राजसभा	४,३७	५,९०	६,९४
	१–३	राष्ट्रिय पञ्चायत	४०,६०	४६,५०	४६,८०
	१–४	महालेखा परीक्षकको विभाग	२५,३२	२९,५०	४४,५३
	१–५	सर्वोच्च अदालत	१२,८४	१२,७५	१५,००
	१–६	लोक सेवा आयोग	३२,०१	३३,४०	३५,५०
	१–७	निर्वाचन आयोग	२९,९०	१२,८०	४,१०,६७
	१–८	गाउँफर्क राष्ट्रिय अभियान	८६,९१	४,४०	५०
	१–९	अख्तियार दुरुपयोग निवारण आयोग	७,७५	६,९०	७,३६
२ साधारण प्रशासन	२–१	मन्त्रिपरिषद्	२२,५४	२८,५०	२९,२२
	२–२	श्री ५ को सरकारको सचिवालय	२,१२,९६	२,३७,७०	२,७६,६६
	२–३	जिल्ला प्रशासन	२,२७,८१	२,४०,९०	२,६०,५३
	२–४	प्रहरी	८,३९,४३	११,२२,००	१४,६८,६७
	२–५	कारागार	१,०५,०९	१,१५,४५	१,४३,२६
	२–६	विविध	९६,६४	८३,३०	६५,७२
	२–७	प्रशासन सुधार	१९,५५	६,००	६,००
	२–८	संविधान सुधार सुझाव आयोग	–	–	२,४९
	–	राष्ट्रिय चुनाव आयोग	–	२,००,००	–
३ राजस्व प्रशासन	३–१	मालपोत	१,१२,७६	१,५२,७०	१,६९,६१
	३–२	भन्सार	८२,२१	९३,८०	१,०२,१२
	३–३	अन्तःशुल्क	४०,९१	४९,४०	५३,७५
	३–४	कर	४८,२७	४५,८०	४२,३८
	३–५	राजस्व न्यायाधिकरण	१,४१	१,७०	१,६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान	२०३७।३८को अनुमान
४	४–१	योजना	६,८४	७,२०	७,६५
आर्थिक	४–२	तथ्याङ्क	६,८५	५,४०	८,०६
प्रशासन र	४–३	टक्सार	१,६८,१०	६७,३०	६६,८०
योजना	४–४	महालेखा नियन्त्रक			
		कार्यालय	३४,३६	४२,००	४३,५२
	४–५	मेट्रिक नापतौल	१०,५७	११,१०	१०,७३
५	५–१	अदालत	१,४३,८३	१,६०,६०	१,८६,३१
न्याय	५–२	महान्यायाधिवक्ताको			
प्रशासन		कार्यालय	४,६२	५,६०	५,८१
	५–३	अ. दु. पुनरावेदन अदालत	—	—	२,३४
६	६–१	वैदेशिक सेवा	३,६७,८०	३,८३,००	४,१५,५१
वैदेशिक	६–२	विविध	५०,७६	५६,२०	६४,५१
सेवा					
७	७–१	रक्षा	१५,५८,४०	१८,७८,००	२१,६३,६२
रक्षा	७–२	विविध	३,६४,०४	३,७५,८५	४,८२,४८
८	८–१	शिक्षा	८,०७,९६	८,३८,६०	९,८९,८६
सामाजिक	८–२	स्वास्थ्य	५,२२,३३	६,०२,६०	६,६७,२०
सेवाहरू	८–३	पिउने पानी	२२,५०	२८,६०	३१,४९
	८–४	पञ्चायत	२,०९,९६	२,२५,००	२,२८,२८
	८–५	अन्य सामाजिक सेवाहरू	१,९२,१२	२,०५,९०	२,१४,६९
९	९–१	कृषि	७४,१७	८१,०५	३४,१५
आर्थिक	९–२	सिंचाइ	३८,६०	२८,८०	३५,८०
	९–३	भूमिसुधार	१,१७,३३	१,३५,१०	१,४२,२८
	९–४	नापी	३३,६८	३८,५०	४२,७८
	९–५	वन	३९,५५	४७,२५	५१,३०
	९–६	उद्योग तथा खानी	२६,२१	२८,६०	३०,३४
	९–७	सञ्चार	२,९३,८२	३,३५,७०	३,६८,१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०३५।३६को यथार्थ	२०३६।३७को संशोधित अनुमान	२०३७।३८को अनुमान
	९–८	यातायात	३,१९,१२	३,६०,२०	३,७८,४६
	९–९	विद्युत्	३३,९५	३९,६०	४८,२७
	९–१०	अन्य आर्थिक सेवाहरू	११,५२	१६,६५	२२,३[illegible]
१० ऋण तथा लगानी	१०–१	ऋण र लगानी	३०,४६	१,१०,००	१,४६,११
११ साँवा र ब्याज भुक्तानी	११–१	साँवा भुक्तानी	५,६५,९०	९,५३,४५	८,४१,९८
	११–२	ब्याज भुक्तानी	९,८३,०१	१२,५१,१०	१४,७७,१४
१२ विविध	१२–१	विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च	७०,४९	८०,००	९०,००
	१२–२	निवृत्तभरण, भत्ता तथा उपदान	१,५७,३२	१,७०,००	१,७९,००
	१२–३	अतिथि सत्कार	९४	१,५०	२,००
	१२–४	आकस्मिक सहायता, चन्दा र पुरस्कार	–	६१	१,००
	१२–५	मुआब्जा	५,९८	२,८५	१०,००
	१२–६	अन्य	४,४४,३४	४,९०,८०	५,०९,००
	१२–७	भैपरी आउने	५,७३,३०	२,६१,१०	१२,५०,००
			१,०४,१६,६९	१,१९,५५,१८	१,४५,४१,७७

४९४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यय अनुमान
(विकास वजेट)

रू. हजारमा

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान	२०३७।३८ को अनुमान
२	२–७	प्रशासन सुधार	९,२१	६,४७	७,८०
साधारण प्रशासन					
४	४–१	योजना	२४,५२	२,०६,७३	९२,८७
आर्थिक प्रशासन					
र योजना	४–२	तथ्याङ्क	७,११	७२,०१	२,१९,२३
८	८–१	शिक्षा	२३,४५,४६	२५,४१,२४	३२,२६,४०
सामाजिक	८–२	स्वास्थ्य	९,८४,७८	९,३२,८१	१६,४८,०२
सेवाहरू	८–३	पिउने पानी	६,३५,९७	५,७५,५७	१२,०१,२५
	८–४	पञ्चायत	९,७९,५२	५,८८,६७	१५,२३,३४
	८–५	अन्य सामाजिक सेवाहरू	३,८८,८२	२,६२,१३	४,२२,६८
९	९–१	कृषि	१९,६५,४५	१९,४१,७६	३१,४८,९१
आर्थिक	९–२	सिंचाइ	२२,६२,९२	२७,००,६६	४१,२३,२५
सेवाहरू	९–३	भूमिसुधार	९९,१६	१,१९,६५	१,६५,३३
	९–४	नापी	३,५७,३१	२,७०,७४	३,०२,२५
	९–५	वन	६,६७,८०	११,७७,९०	१४,४६,११
	९–६	उद्योग तथा खानी	७,१४,९९	८,७५,७५	२३,३१,५४
	९–७	सञ्चार	१,४३,००	३,१४,२६	५,८२,०३
		(क) हुलाक	(१४,०६)	(२९,२६)	(४२,०३)
		(ख) दूर सञ्चार	(१,२८,९४)	(२,८५,००)	(५,४०,००)
	९–८	यातायात	४८,८२,२५	५७,९३,४७	६४,५२,१७
		(क) सडकहरू	(४२,७९,९४)	(३८,११,४१)	(४९,३९,३६)
		(ख) पूलहरू	(१,८०,४५)	(३,९९,००)	(५,५४,६३)
		(ग) हवाई	(४,२१,८६)	(१४,८३,०६)	(६,५८,१८)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०३५।३६ को यथार्थ	२०३६।३७ को संशोधित अनुमान	२०३७।३८ को अनुमान
	९–९	विद्युत्	२६,३५,७१	४५,२२,५१	६५,३७,९०
	९–१०	अन्य आर्थिक सेवाहरू	२,८७,३२	१,६५,६१	२,०८,१[illegible]
१२	१२–६	अन्य	२,५५,७४	१,५०,४०	३,००,००
विविध	१२–७	भैपरि आउने	१,४१,१२	२,४७,८८	२,००,००
			१,६७,८८,१६	२,३४,६६,२२	३,४१,३६,२०

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव

५१६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।